# लेखापरीक्षण प्रतिवेदन

# गैंडाकोट नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गैंडाकोट नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 | मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/656

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
गौंडाकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
नवलपरासी ब.सु.पू.।

**कैफियत सहितको राय**

हामीले नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २६ करोड ६० लाख ६० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७२ लाख २० हजार र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड ३३ लाख २६ हजार समेत रु. २८ करोड ६६ लाख ०६ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको रु. १ अर्ब ८३ करोड ४२ लाख ०८ हजारको लेखापरीक्षण गरिएकोमा रू. ८ करोड ५७ लाख ६८ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. २ करोड ९५ लाख १६ हजारको प्रतिक्रिया उपर कारबाही भई प्रतिकृयाबाट थप बेरुजु रु. ३४ लाख ५८ हजार समेत बाँकी बेरुजु रु. ५ करोड ९७ लाख ९ हजारमध्ये असुल गर्नुपर्ने रू. ८४ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६१ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ४० लाख ५ हजार र पेस्की बाँकी रु. ११ लाख रहेको छ। गत वर्षसम्म रु. ५ करोड १२ लाख ५२ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट कायम रु. १ लाख ४३ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ७ करोड ६९ लाख ५४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय

विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

**यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थ परक** नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ४४ | ८,५७,६७,६४८ | ० | २ | २,९५,१६,४७८ | ३४,५८,१३४ | ५५ | ४२ | ५,९७,०९,३०२ | ८४,१७,८५१ | ४,४०,०५,५२३ | ६१,८५,९२८ | ० | ० | ५,०१,९१,४५२ | ११,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्तापूर्व | ५,१२,५२,४९७ | ० | ३,४१,५०,७४५ | १,७१,०१,७५२ | १,४२,७३२ | ५,९७,०९,३०२ | ७,६९,५३,७८६ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क.सं. | आर्थिक वर्ष | बेरुजुको दफा नं. | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५० | नविकरणीय उर्जा शिर्षकमा प्राप्त अनुदानको उपयोगः | १,६०,३८० |
| २ | २०८०/८१ | ६४.३ | १५ शैय्या अस्पताल भवन निर्माणः | २,९३,५६,०९८ |
| ३ | २०७९/८० | २५ | रीतपूर्वकको कर बिजकः | १,५५,५०४ |
| ४ | २०७९/८० | ८२ | रिटेन्शन मनी कट्टी नगरेकोः | ३२,४४५ |
| ५ | २०७९/८० | ४७ | राजश्व ढिला दाखिला : | ६,००० |
| ६ | २०७९/८० | ६६ | मू.अ.कर. फिर्ताः | ५३,०७२ |
| ७ | २०७९/८० | २७ | बढी भुक्तानीः | १,०२,४८५ |
| ८ | २०७९/८० | ३२ | बढी दरमा फर्माको कामको भुक्तानीः | ९२,०३६ |
| ९ | २०७९/८० | ७९ | पदाधिकारीको दोहोरो सुविधा : | १,४४,००० |
| १० | २०७९/८० | ७३ | ननफाइलरः | ६०,४८२ |
| ११ | २०७९/८० | ३६ | जनश्रमदानः | १३,७३६ |
| १२ | २०७९/८० | ६७ | चारकोठे भवन निर्माण अनुदानः | ८,२०,७८६ |
| १३ | २०७९/८० | ६४ | अवण्डाबाट खर्च : | ५,८५,११३ |
| १४ | २०७९/८० | सम्पबाट थप - ४ | ठेक्का व्यवस्थापनः | १०,००,००० |
| १५ | २०७७/७८ | २१.५ | विविध तर्फः | १,२५,९९७ |
| १६ | २०७७/७८ | १९.७ | ठेक्का व्यवस्थापनः | ७,३४,५०० |
| १७ | २०७७/७८ | १३.४ | शिक्षाः | ३,०२,००,००० |
| १८ | २०७६/७७ | ३६ | मुकुन्दपुर भेडाबारी कुलो बाँध निर्माण उ.स. | २४,५८९ |
| जम्मा | | | | ६,३६,४२,६३४ |

# (८०४४६४०२३०० - गैंडाकोट नगरपालिका, नवलपुर )

# गैडाकोट नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

# परिचय

१ **परिचय**

**क) कार्यालय परिचयः**- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसूचीमा उल्लेखित कार्यहरु सम्पादन मार्फत नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।

**ख) लेखापरीक्षणको उद्देश्यः**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधिः**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।११ देखि २०८१।०८।१७ सम्म रहेको छ ।

**घ) लेखापरीक्षण विधिः**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**ङ) लेखापरीक्षणको सीमाः**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**च) आर्थिक कारोबारको स्थितिः**- पालिकाको गत वर्षको मौज्दात अल्या गरेको रु. १२६२३०३५०, यस वर्षको जम्मा आम्दानी रु. १०३७४११४८३, यस वर्षको जम्मा खर्च रु. ९२३०२६६२१ र यस वर्षको मौज्दात रु. ११४३८४८६२ रहेकोमा रु. १ अर्ब ८३ करोड ४२ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरुः**- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**ज) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७६९४४ असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | राधा पौडेल लम्साललाई पारिश्रमिक भुक्तानी गर्दा बढी ग्रेड भुक्तानी भएको रकम असुल गरी दाखिला । (२०८१।०८।१७) | १६२७९ |
| २ | नरेन्द्र भण्डारीलाई पारिश्रमिक भुक्तानी गर्दा बढी ग्रेड भुक्तानी भएको रकम असुल गरी दाखिला । (२०८१।०८।१७) | १५४२२ |
| ३ | ११ जना कर्मचारीहरुको पारिश्रमिक कर कट्टी छुट भएको रकम असुल गरी दाखिला । (२०८१।०८।१६) | ५५३४५ |
| ४ | जनक मा.वि.लाई भुक्तानी गर्दा छुट भएको पारिश्रमिक कर कट्टी रकम असुल गरी दाखिला । (२०८१।०८।१७) | १२६०० |
| ५ | ३ जना हेवी सवारी चालकको पारिश्रमिक भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला । (२०८१।०८।२८) | ७७२९८ |
| | जम्मा रु. | १७६९४४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता देखिएको छैन।

• कतिपय सन्दर्भमा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको छ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई उपभोग र वितरणमुखी रुपमा कार्यक्रम सञ्चालन भएको देखिएको छ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही भएको छैन।

• पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख राखेको पाइएन।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन।

• सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणालीको नियन्त्रण व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित

सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थालाई ध्यान दिई भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन।

• बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ । म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख राखेको छैन।

• पालिकाले म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म.ले.प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख राखेको छैन।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन। यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेहुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

उपरोक्त बुँदा समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुलखर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढमहिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| नगरपालिका पुँजीगत | २८३७३६९६६ | १९८८६८६५ | ४०११७३५७ | ७५७८४२१२ | १४७९४८५३२ | ८१६८६००० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | १९२२४१११ | 0 | 0 | ५१०७०२१ | १४११७०९० | १२२१९००० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ९२०१००० | 0 | 0 | ० | ९२०१००० | ९२,०१,००० |
| **जम्मा खर्च** | ३१२१६२०७७ | १९८८६८६५ | ४०११७३५७ | ८०८९१२३३ | **१७१२६६६२२** | **१०३१०६०००** |
| **खर्चप्रतिशत** | **७१.६** | **६.३७** | **१२.८५** | **२५.९१** | **५४.८६** | **३३.०३** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ३१२१६२०७७.०० पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १९८८६८६५.०० (६.३७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४०११७३५७.०० (१२.८५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ८०८९१२३३.०० (२५.९१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १७१२६६६२२.०० (५४.८६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १०३१०६०००.०० (३३.०३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पूर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४५८३००० | ४१२१२३३४ | ९२.४४ |
| २ | पूर्वाधार विकास | ४१८२३६००० | २९७९३४५४४ | ७१.२३ |
| ३ | सामाजिक विकास | ४३६६८५००० | ४०५५३४८३८.६७ | ९२.८७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित | ११२००००० | ६३५०५०३ | ५६.७० |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १७८०४०००० | १७१९९४४०२.०४ | ९६.६० |
| | जम्मा | १०८८७४४००० | ९२३०२६६२१.७१ | ८४.७७ |

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सुशासन तथा अन्तरसम्बन्धित सबैभन्दा कम ५४.७४ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिक अन्तर्गत सबैभन्दा बढी ९६.६० प्रतिशत खर्च गरेको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

५ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०, २७२ र २७५) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २६,६०,५९,५०४.८१, स्वास्थ्य क्षेत्र सुधारको रु. ७२,२०,०००.०० र एकीकृत स्वास्थ्य पुर्वाधारको रु. १,३३,२६,५०४.८१ गरी कुल रु. २८,६६,०६,००९.६२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण

गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | १,५०,००,००० | ६७,३८,९४५ | ४४.९३ |
| २ | भुमिकर/मालपोत | १,१०,००० | ७१,८०,३८९ | ६५२७.६३ |
| ३ | वहाल कर | १,३०,००,००० | १,३३,७६,८१२ | १०२.९ |
| ४ | वहाल विटौरी कर | २,२०,००० | ३,८१,४१२ | १७३.३७ |
| ५ | सवारी साधन कर (साना सवारी) | १,००,००० | ०.०० | ० |
| ६ | अन्य मनोरञ्जन कर | १,१०,००० | ५५० | ०.५ |
| ७ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ३०,००,००० | ०.०० | ० |
| ८ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २,२०,००० | २३,००० | १०.४५ |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | १०,०३,००,००० | ५,०२,०१,०३९ | ५०.०५ |
| १० | परीक्षा शुल्क | ८०,००० | ६७,००० | ८३.७५ |
| ११ | अन्य प्रशासनिक सेवा शुल्क | ५,५०,००० | ६,६३,९१४ | १२०.७१ |
| १२ | नक्सापास दस्तुर | १,४०,००,००० | १,३९,२६,३९४.३२ | ९९.४७ |
| १३ | सिफारिश दस्तुर | ५५,००,००० | ३८,९६,४२८ | ७०.८४ |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,००० | ९,४४,९५० | १८८.९९ |
| १५ | नाता प्रमाणित दस्तुर | १५,००,००० | १६,७३,१०० | १११.५४ |
| १६ | अन्य दस्तुर | ५०,००,००० | ७०,१४,४५७ | १४०.२९ |
| १७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९०,००,००० | ६७,७९,५०० | ७५.३३ |
| १८ | अन्य राजस्व | १,०१,१०,००० | १,४३,१५,७०६.६६ | १४१.६ |
| **जम्मा** | | **१७,८३,००००००** | **१२,७१,८३,५९७** | **७१.३३** |

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ मा रु. १७,८३,००,०००.०० असुली हुने अनुमान गरेकोमा रु. १२,७१,८३,५९७.०० मात्र असुली गरेको छ जुन असुली अनुमानको ७१.३३ प्रतिशत देखिए तापनि कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान गरिएको शिर्षक अनुसारको असुली र कतिपय शिर्षकमा अनुमाननै न्यून गरिएको देखिदा अनुमान बढाई सोहि अनुसारको आम्दानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

७ **मौज्दातको अवस्थाः**

पालिकाको आर्थिक अवस्था देखाउन प्रयोग गरिने प्रमुख स्रोतको रुपमा यसको मौजदातको अवस्थालाई लिईन्छ त्यसैले यसलाई मजबुद बनाउनु पर्दछ । पालिकाको आर्थिक वर्ष २०७८।७९ मा कुल रु ३२४४१९४२५.०० मौजदात रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रु १२६२३०३५०.०० रहेको तथा आर्थिक वर्ष २०८०/८१ मा रु ११४३८४८६२.०० मौजदात रहेको देखियो । विगत तीन वर्ष पहिले अथवा आर्थिक वर्ष २०७८।७९ मा रहेको मौजदात यस आर्थिक वर्ष सम्ममा रु २१ करोड भन्दा बढीले घटेको देखियो । पालिकाले बजेट बिनियोजन गर्दा मौजदात रकमबाट खर्च गर्ने गरी योजना थप गर्ने गरेकोले सो मौजदात घटेको देखिन्छ । वास्तविक आम्दानीका आधारमा खर्च गर्ने गरी बजेट विनियोजन हुनु पर्नेमा मौजदातबाट समेत खर्च गर्ने गरी बजेट बिनियोजन गरिदा प्रत्येक वर्ष पालिकाको मौजदात घट्दै गएको देखिदा मौजदातबाट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।

| सि.नं. | आर्थिक वर्ष | कुल मौज्दात |
|---|---|---|
| १ | २०७८/७९ | ३२४४१९४२५ |
| २ | २०७९/८० | १२६२३०३५० |
| ३ | २०८०/८१ | ११४३८४८६२ |

८ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. १२,७१,83,५९७.००, राजस्व बाँडफाँडबाट रु. १४,२७,६३,७३९.६७ र अनुदानबाट रु. १६,६७,७७,५००.०० समेत रू. ४३,६७,२४,८३६.६७ आम्दानी भएकोमा चालु तर्फ रु. ६१,०८,६४,५४४.७१ र पूँजिगत तर्फ रु. ३१,२१,६२,०७७.०० गरी जम्मा रु. ९२,३०,२६,६२७.७१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १३.७८ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी भत्ता, ईन्धन र पारिश्रमिक लगायतका सुबिधामा रु. २,९६,८०,०३५.९० खर्च भएको छ जुन आन्तरिक आयको २३.३३ प्रतिशत रहेको छ । पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ६७,७९,५००.०० कर सङ्कलन गरेको देखियो । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको नदेखिदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको सम्बन्धमा करदाता नक्साङ्कन गरी अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१० **सामुदायिक वनबाट आयः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१२ **नगरपालिका तर्फ बढी व्ययभारः**

कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा बजेटको सुनिश्चित्ता गरिएको श्रोतबाट मात्र भुक्तानी गर्नु पर्दछ । यस पालिकाले संघीय तथा गण्डकी प्रदेश सरकारबाट समपुरक तर्फको अनुदानबाट खर्च व्यहोर्ने गरी खरिद सम्झौता गरेकोमा सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दा संघीय सरकार र गण्डकी प्रदेश सरकाले प्रतिवद्धता गरेको रकम खर्च नभई सम्बन्धित कोषमै फिर्ता भएको र सम्झौता गरिएका आयोजनाको भुक्तानी गर्न बाँकी रहेको सम्पुर्ण रकमको ४० देखी ५० प्रतिशत पालिकालाई थप व्ययभार परेको छ । पालिकाले निर्माण कार्यको म्याद थप गर्दा सो म्याद थपबाट पालिकालाई पर्ने आर्थिक दायित्व एकिन गरि विषेश परिस्थितिमा मात्र म्याद थप गर्नु पर्नेमा सो गरेको देखिएन । यसका साथै पालिकाले तोकिएको समयमै अनुदान उपयोग गर्न सक्ने गरी

खर्च प्रणालीमा सुधार गरी खर्च व्यवस्थापनमा सुधार गर्नु पर्ने देखिन्छ । पालिकाले निर्माण कार्यको खरिद सम्झौतामा संघ तथा गण्डकी प्रदेश सरकारको विषेश तथा समपुरक तर्फको बजेट आर्थिक वर्षको अन्तमा फ्रिज भई फिर्ता भए पश्चात पालिकाकै आन्तरिक स्रोतबाट सम्पुर्ण रकम भुक्तानी गरेको देखिदा देहाय अनुसारको भुक्तानीमा ४० प्रतिशत देखी ५० प्रतिशत सम्म रकम पालिकालाई थप व्ययभार पारेको रु.

| सि.नं. | आयोजनाको नाम | सरकरको तह | प्रतिवद्धता रकम | प्रतिवद्धता मध्ये भुक्तानी | प्रतिवद्धतामध्ये न.पा. ले व्यहोरेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५ शैया नगर अस्पताल | अन्तर सरकारी | ८९४०४५६.०० | ७०५४४५६ | १८८६००० | सबै रकम संघीयबाट भुक्तानी हुनपर्ने । |
| २ | न.पा. चक्रपथ | संघीय विषेश | १२८७६४५७.८६ | २६००००० | १०२७६४५७.८६ | |
| ३ | वडा १,४ र ६ मा कालोपत्रे | प्रदेश समपुरक | रु. १०५१०२२४ मा सम्झौता भएको र सो रकमको ६० प्रतिशतले हुने रु. ६३०६१३५ । | भुक्तानी नभएको | सम्झौता भएको तर भुक्तानी नभएकोले रु ६३०६१३५ अर्को वर्ष पालिकाबाट नै खर्च व्यहोर्ने गरी दायित्व सारेको हुदा थप व्ययभार पर्ने । | भुक्तानी हुन बाँकी |
| **भार परेको मध्ये जम्मा भुक्तानी रकम (यस वर्ष भुक्तानी भएको १५ शैया नगर अस्पतालको रु. १८८६३०५ र न.पा. चक्रपथको रु. १०२७६४५७.८६ गरी रु. १२१६२७६२.८६ रकम मात्र लगती कायम गरिएको, वडा १,४ र ६ मा कालोपत्रे कार्य वापत गण्डकी प्रदेश सरकारले व्यहोर्ने रु. ६३०६१३५ पुनः सोही शिर्षकमा गण्डकी प्रदेशबाट आ.व. २०८१। ८२ मा बजेट प्राप्त नभएकोले पालिकालाई व्ययभार परेको तर भुक्तानी भएको नदेखिँदा लगती नगरिएको)** | | | | | **१२१६२४५७.८६** | |

| अनियमित भएको | १,२१,६२,४५८ |
|---|---|

### १३ बजेट सिमा निर्धारण समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

### १४ योजनाको प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने

व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १८ वडाको लागि वडास्तरिय ३८१ र पालिकास्तरका २५४ गरी कुल ६३५ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाख माथिका योजना | रु. ५ लाख देखि २० लाख सम्मका योजना | रु. ५ लाखभन्दा कमका योजना |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २५४ | २५ | १२४ | १०५ |
| २. | वडास्तरीय | ३८१ | ० | ११६ | २६५ |
| | जम्मा | ६३५ | २५ | २४० | ३७० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये कतिपय योजनामा शुन्य प्रगति देखिएकोले त्यस्ता शुन्य प्रगति भएका योजना खारेज गरी नगर गौरवका योजना तथा प्राथिमिकीकरणका आधारमा प्रभावकारी कार्यान्वियन गर्ने तर्फ निर्णय हुनु पर्दछ ।

१५ **जिम्मेवारी फरक परेकोः**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर यस पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचितकोषमा रु. १२,६२,३०,३५०.८५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १२,६२,३०,३५०.८५ जिम्मेवारी सारेको छ तर गत आर्थिक वर्षको बैंक स्टेटमेन्ट अनुसार संचिकोषमा रु. १६,०१,७९,२६९.५२ मौज्दात रहेको देखिन्छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३,३९,४८,९१८.६७ बढी मौज्दात हुदा समेत श्रेष्तामा घछी मौज्दात देखाएको पाईयो । संचिकोषमा मौज्दात रहेको रु. १६,०१,७९,२६९.५२ लाई यस वर्ष अल्या गर्दा सम्पुर्ण मौज्दात रकम अल्या गर्नु पर्नेमा रु. १५,२०,००,०००.०० मात्र अल्या गरी रु. ८१,७९,२६९.५२ घटी अल्या गरेको छ । आर्थिक वर्षको अन्तमा संचित कोषमा रहेको बाँकी रकम एकमुष्ट रुपमा आम्दानी बाँधेको देखिए तापनि आर्थिक वर्षको सुरुमै मौज्दात बराबरको रकमको अल्या गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१६ **आन्तरिक आयको योगदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १४,३४,६५,९४४ | १२,७१,८३,५९७ | ७१.३३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७१.३३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **बिभाज्यकोषको रकम बाडफाँड हुन बाँकीः**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८(५) मा प्राकृतिक स्रोतबाट संकलन गरी विभाज्य कोषमा रहेको मुल्य अभिबृद्धि कर बाहेको रकम मध्ये साठी प्रतिशत सम्बन्धित स्थानिय तहमा राख्ने र बाँकी रकम प्रदेश संचितकोष दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । यस पालिकले ढुंगा, गिट्टि तथा बालुवा जस्ता प्राकृतिक स्रोतको बिक्रि वितरणबाट प्राप्त गरेको सम्पुर्ण रकम रु ५,८१,००,०००.०० प्रदेश संचितकोष र स्थानीय संचितकोषमा वितरण गरेको पाईएन । यस पालिकाको विभाज्य कोषमा रहेको रकम मध्ये बाडफाड गरी देहाय अनुसार हुने रकम सम्बन्धित संचितकोषमा दाखिला गर्नु पर्ने देखिन्छ ।

| क्र.सं. | कोष | रकम |
|---|---|---|
| १ | प्रदेशसंचित कोष (४०% ले हुने रकम) | २३२४०००० |
| | **जम्मा** | **२,३२,४०,०००** |

*नोटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क३) मा ढुंगा गिट्टि वालुवा तथा अन्य नदी जन्य पदार्थको बिक्रिबाट प्राप्त आय स्थानीय संचित कोषमा राख्नु पर्ने व्यवस्था भए बमोजिम बाँडफाड नगरिएको कार्यालयको भनाई रहेको छ।*

१८ **पेश्की बढी भुक्तानीः**

सम्झौताको सर्त बमोजिम निर्माण कार्यको पेश्की भुक्तानी हुनु पर्दछ। प्रदेश समपुरकबाट वडा नं १-९ मा कालोपत्रे गर्ने कार्यको सम्झौताको GCC 57.1 मा सम्झौता रकमको १० प्रतिशत सम्म पेश्की बापत भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ । यस कार्यको लागि निर्माण व्यवसायी प्रभु कौसिका निर्माण सेवासँग रु. ८२३८४७३.५८ (मु.अ. कर बाहेक) मा सम्झौता भएकोमा सो रकमको १० प्रतिशतले हुने रु. ८,२३,०००.०० पेश्की वापत भुक्तानी हुनु पर्नेमा कार्यालयले रु. १४,१०,०००.०० र रु. ४,१०,०००.०० गरी कुल रु. १८,२०,०००.०० पेश्की बापत भुक्तानी गरेको देखियो । सम्झौताको सर्त भन्दा बढी हुने गरी भुक्तानी भएको रु. ९,९७,०००.०० सम्झौताका सर्त अनुसार भएको नदेखिँदा सो पेश्की फरछ्यौंट गरी नियमित हुनु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९७,००० |

१९ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२० **प्रशासनिक संगठन तथा जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०९ दरबन्दी स्वीकृत रहेकोमा विभिन्न पदका १०३ पदमा पदपूर्ति भई ६ पद रिक्त देखिन्छ। रिक्त मध्ये अधिकृत स्तरका शिक्षा अधिकृत, सहायक स्तरका पूर्वाधार तर्फका प्राविधिक र पशुसेवा तर्फका नायव प्राविधिक सहायक लगायतका प्राविधिक जनशक्ति र एक जना सहलेखापाल समेत रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्नसक्ने देखिन्छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२१ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले गैंडाकोट नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तथा खर्चको मापदण्ड, २०७९ मा इन्धन तथा सवारी खर्च सम्बन्धमा व्यवस्था गरी यस वर्ष इन्धन शिर्षकमा रु. ३५ लाख विनियोजन गरेकोमा पदाधिकारी, कर्मचारी तथा हेभी इक्युपमेन्ट सञ्चालन समेतको इन्धनका लागि जम्मा रु. ३५ लाख नै खर्च गरेको छ । इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२२ **कर समायोजनः**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको २१ औं संशोधन अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम कट्टी गरी निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने र बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गरेको निम्न भुक्तानीमा मूल्य अभिवृद्धि करको ३० प्रतिशतले हुने रकम कट्टी गरी भुक्तानी गरेको नदेखिएकोले मू.अ. कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं. | आपूर्तिकर्ताको नाम | बिल रकम रु. | मू.अ. कर | ३०% कट्टी छुट रकम | कैफियत |
|---|---|---|---|---|---|
| २२० - २०८१।०२।०२ | एञ्जल टच हाइजिन म्यानुफ्याक्चरिङ | १४५७३०३.४० | १८९४४९.४४ | ५६८३५ | सेनिटरी प्याड |
| ६८० - २०८०।०९।२० | एम.एस. प्रिन्टिङ सोलुशन | १५३६४१०.०० | १९९७३३.३० | ५९९२० | मसलन्द खरिद |
| | ३० प्रतिशतले हुने मू.अ. कर कट्टी छुट भएको जम्मा रकम रु. | | | ११६७५५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१६,७५५ |

## २३ धरौटी फिर्ताः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा सार्वजनिक निकायले खरिद कार्यको अन्तिम भुक्तानी दिँदा कट्टा गरेर राखिएको रिटेन्सन मनी फिर्ता गर्नु अघि सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गर्नुपर्ने प्रावधान उल्लेख छ । पालिकाले मिति २०८०।०७।०२ मा बलदेव बिल्डर्स प्रा.लि.लाई भौ.नं. ७ बाट रु. ३८००००।०० र मिति २०८१।०१।३० मा अग्नि इन्कर्पोरेटेड प्रा.लि.लाई भौ.नं. २५ बाट रु. ३४०४८६।०० समेत जम्मा रु. ७२०४८६।०० धरौटी फिर्ता बापत भुक्तानी गरेकोमा नियमावलीको व्यवस्था बमोजिम कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएको नदेखिएकोले आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२०,४८६ |

## २४ कर्मचारी कल्याण कोषः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले व्यवस्था गरे अनुसार कुनै पनि पालिकाको कर्मचारी कल्याणकारी कोषको स्थापना गर्नु पर्दछ । कोषको संचालन तथा व्यवस्थापन गर्न कर्मचारी कल्याणकोष संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई सोही बमोजिम यसको संचालन हुनु पर्दछ । पालिकामा लोक सेवा आयोग तथा अन्य प्रकृयाबाट स्थायी कर्मचारी आएपछि कार्यालयमा रहेका अस्थायी/करार सेवामा कार्यरत कर्मचारीहरू बिस्थापित हुँदा त्यस्ता विस्थापित कर्मचारीलाई एकमुष्ट रूपमा केही रकम सुविधाको रूपमा प्रदान गर्न यस कोषबाट भुक्तानी गरी निजहरुको भविष्य सुनिस्चित गर्ने गर्दछ । कार्यालयले यस कोषको स्थापना गरी सके पश्चात सो को संचालनको लागी छुट्टै कार्यविधि बनाई सो अनुसार यसबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस कार्यालयले कर्मचारी कल्याणकारी कोष सम्बन्धी छुट्टै बैंक खाता रहने गरी व्यवस्था गरेको र सो खातामा प्रत्येक वर्ष निश्चित रकम नगरसभाले विनियोजन गरी राख्ने गरे तापनि कर्मचारी कल्याण कोष संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरेको देखिएन । कर्मचारी कल्याण कोषको रकम जम्मा गर्ने खाता तत्कालिन लुम्बिनी अञ्चलको नवलपरासी जिल्ला ठेगाना भएको खातामा जम्मा हुने गरेकोमा सो खातालाई हालको संरचना अनुसार परिवर्तन गरिनु पर्दछ । यस आर्थिक वर्ष नगरसभाले रु. १८,००,०००.०० जम्मा गर्ने गरी बजेट विनियोजन गरेकोमा सो मध्ये रु. १०,१६,४८७.०० यस कार्यालयका ईन्जिनियर श्री राजु अर्यालले राजिनानामा दिई सेवाबाट अलग हुदा चालु खाताको गो.भौ.नं. ९५५-२०८०।११।०३ बाट खर्च लेखी बाँकी रकम रु. ७,८३,५१३.०० यस खातामा जम्मा गरेको छ । हाल यस खातामा रु. ६२,३५,३४५.०० रहेको पाईयो । कर्मचारी कल्याणकारी कोषमा रकम जम्मा गरे पश्चात मात्र सेवाबाट बाहिरिने कर्मचारीलाई भुक्तानी लेख्नु पर्नेमा सो कोषमै रकम जम्मा नगरी भुक्तानी दिने कार्य नियम सम्मत देखिएन । कर्मचारी कल्याणकोष सम्बन्धी कार्यविधि तयार गरी सोही बमोजिम अन्य स्रोतबाट कर्मचारी कल्याणकारी सम्बन्धी गरिने भुक्तानी नियन्त्रण गरी राष्ट्रिय

वाणिज्य बैंक, गैँडाकोट शाखामा रहेको यस नगरपालिकाको सुत्र प्रणालीमा अभिलेख गरी नया संरचना अनुसारको ठेगाना हुने गरी कर्मचारी कल्याणकारी कोष खाता अध्यावधिक तथा संचालन हुनु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६२,३५,३४५ |

२५ **बाल संरक्षण समितिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष युवा लक्षित लागु औषध सचेतना कार्यक्रम शिर्षकबाट खर्च प्रमाणित हुने बिल बीजक बेगर कानुनी अस्तित्व समेत स्पष्ट नभएको वडा नं. १ को बाल संरक्षण समितिलाई रु. २०००००।०० भुक्तानी गरेको छ । पालिकाले सामाजिक संघ संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउँदा सामाजिक लाभ उच्च हुने गरी कार्यविधि बनाई पालिकामा दर्ता भएका संस्थाहरुलाई पारदर्शी रुपमा सहायता उपलब्ध गराउनुपर्दछ । पालिकाले बाल संरक्षण समितिलाई भुक्तानी गरेको रु. २०००००।०० तथा पालिकाबाट सहयोग गरिने अन्य रकमको पारदर्शी रुपमा उपयोगिताको सुनिस्चितताको लागी पालिकाले अनुगमन गर्नु पर्दछ ।

२६ **संघीय कार्यालय अनुदानः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँड मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानुनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन । स्पष्ट कानुनी आधार बेगर यस वर्ष पालिकाले आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतका तपशिल बमोजिमका कार्यालयहरुको विभिन्न प्रयोजनको भुक्तानीमा खर्च लेखेको रु. ६९५७३६।०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| **क्र.सं.** | **कार्यालयको नाम** | **भुक्तानी रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय,कावासोती | ३१४९३६ | स्रेस्ता बाइण्डिङको लागि भुक्तानी |
| २ | जिल्ला अदालत | २०२००० | ब्याट्री खरिदको लागि भुक्तानी |
| ३ | नापी कार्यालय, कावासोती | १७८८०० | ब्याट्री खरिदको लागि भुक्तानी |
| | जम्मा रु. | ६९५७३६ | |

| | |
|---|---|
| अनियमित भएको | ६,९५,७३६ |

२७ **पाइप खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष नारायणी मा.वि. गाडी खरिद शिर्षकमा विनियोजित रु. ५०००००।०० बजेट रकमान्तर गरी पाइप खरिद बापत शितल कृषि तथा पशुपालन समूहलाई मिति २०८०।१०।१७ मा भौ.नं. ८८५ बाट रु. १८५५३३।०० र मिति २०८०।१०।१८ मा भौ.नं. ८९१ बाट रु. २०५९६७।०० गरी रु. ३९१५००।०० तथा कृषिका लागि बिउ बिरुवा अनुदान शिर्षकमा विनियोजित रु. २०००००।०० रकमान्तर गरी जयश्री कृषि समूहलाई मिति २०८१।०३।२१ मा भौ.नं. २१८६ बाट रु. १९७०००।०० समेत जम्मा रु. ५८८५००।०० भुक्तानी गरेको छ । यसरी खरिद गरिएको पाइपको प्रयोग भएको प्रमाण स्रेस्ता र अभिलेखबाट नखुलेको र प्रयोजन बेगर पाइप खरिद गर्नु नियम सम्मत नदेखिएकोले पाइप खरिद सम्बन्धमा प्रमाण सहित नियमित हुनुपर्ने रु.

| क्र.सं. | फर्मको नाम | रकम रु. |
|---|---|---|
| १ | शितल कृषि तथा पशुपालन समूह | ३९१५०० |
| २ | जयश्री कृषि समूह | १९७००० |
| जम्मा रु. | | ५८८५०० |

| | |
|---|---|
| अनियमित भएको | ५,८८,५०० |

२८ **इन्टरनेट जडानः**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च प्रमाणित हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले ३५ वटा विद्यालयलाई इन्टरनेट जडान कार्यको लागि मिति २०८०।०७।०२ मा भौचर नं. १८ बाट रु. ४२००००।०० निकासा गरेकोमा ८ विद्यालयबाट मात्रै बिल भरपाई पेश भएको र २७ वटा विद्यालयमा निकासा भएको रु. ३२४०००।०० को इन्टरनेट जडान गरेको बिल भरपाई पेश गरेको नदेखिएकोले प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२४,००० |

२९ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले हाल सम्म ११ वटा ऐन, ८ वटा नियमावली, ३३ वटा कार्यविधि तथा ४ वटा अन्य कानुन समेत जम्मा ५६ कानुन स्वीकृत गरेको छ । तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत हुनुपर्दछ ।

३० **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी ५० र यस वर्ष दर्ता भएको १०४ समेत जम्मा १५४ विवादमध्ये ७९ वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई ७५ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ । प्राप्त विवरण अनुसार न्यायिक समितिमा दर्ता भएका विवाद मध्ये करिब आधाजसो विवाद फछ्र्यौट हुन नसकेको देखिएकोले न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

३१ **सेवा प्रवाह विवरणः**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ ।

| विवरण | जम्मा |
|---|---|
| घरजग्गा नक्शा पास | १४३ |
| जन्म दर्ता | ९५९८ |
| मृत्यु दर्ता | २८५३ |
| विवाह दर्ता | ५०२६ |
| बसाइँसराई दर्ता | ३९२६ |
| सम्बन्ध विच्छेद दर्ता | ४०१ |

पालिकाको बजार क्षेत्र विस्तारको क्रममा रहेकोले प्रशस्तै नयाँ घर तथा अन्य स्थायी संरचना निर्माण भइरहेको देखिन्छ तर पालिकाबाट प्राप्त विवरण अनुसार घरजग्गा नक्सापास अत्यन्तै न्यून भएको देखियो । यस सम्बन्धमा अनुगमन गरी भवन संहिता र प्रचलित अन्य ऐन कानुन बमोजिम नक्सापासलाई अनिवार्य कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

### ३२ आर्थिक सहायताः

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ । पालिकाले आर्थिक सहायता वितरणलाई व्यवस्थित गर्न हालसम्म कुनै पनि कार्यविधि तथा मापदण्ड बनाएको छैन भने आर्थिक सहायता प्रयोजनको लागि एकमुष्ट बजेट विनियोजन गरेर एकद्वार प्रणालीबाट सहायता वितरण गरेको देखिएन । अन्य संस्था सहायता, उद्धार राहत तथा पुनर्स्थापना खर्च लगायतका शिर्षकमा वडा तथा पालिकामा गरी जम्मा रु. ५० लाख बजेट विनियोजन गरेकोमा यस वर्ष कार्यपालिकाको पटके निर्णय र नगर प्रमुखको तोक आदेश बमोजिम आर्थिक सहायता वितरणमा रु. ४६ लाख ४३ हजार खर्च भएको पाइयो । तर आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि तयार गरेको र वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई पारदर्शिताको लागि सो बमोजिमको खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ।

### ३३ मर्मत सम्भार खर्चः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन तथा मेशिनरी औजार मर्मत सम्भारको लागि रु. ४५ लाख बजेट विनियोजन गरी खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

### ३४ नदीजन्य पदार्थको उत्खनन, मौज्दात र बिक्रीः

पालिकाले निम्नानुसार घटगद्दी गरी राखेको ७८०८३.७३ घन मिटर नदीजन्य पदार्थ पटक पटक सूचना निकाल्दा समेत बिक्री नभएकोले मौज्दात नै रहेको पाइयो । वागमती प्रदेश र गण्डकी प्रदेशको नदीजन्य पदार्थको बिक्री दर फरक रहेको (वागमतीमा भन्दा गण्डकीमा उच्च दर) कारण नारायणीको एउटै स्रोतको नदीजन्य सामग्री बिक्रीमा असर परेको पालिकाको भनाइ रहेको छ । घटगद्दी गरी राखेको नदीजन्य पदार्थ चोरी हुन सक्ने, राजमार्ग निर्माण सम्पन्न भए पश्चात् मागमा कमी आइ बिक्रीमा थप असर पर्न सक्ने देखिँदा घाटगद्दी गरी रखेको नदीजन्य पदार्थ समयमा नै बिक्री गर्नुपर्दछ ।

| क्र.सं. | घाटगद्दी गरेको स्थान | परिमाण (घ.मि.) | कर बाहेक न्यूनतमदर प्रति घ.मि. | कर बाहेक जम्मा न्यूनतम मूल्य रु. |
|---|---|---|---|---|
| १ | गैंडाकोट ६ र ७ कोसिमाना सृजशील आ.वि. दक्षिण | ३४२०५.८३ | ४२४ | १४५०३२७१.९० |
| २ | गैंडाकोट ६ र ७ कोसिमाना सृजशील आ.वि. दक्षिण | ४३८७७.९० | ४२४ | १८६०४२२९.६० |
| | जम्मा | ७८०८३.७३ | ४२४ | ३३१०७५०१.५० |

३५ **नदीजन्य पदार्थको बिक्री तथा मौज्दातः**

यो वर्ष पालिकाले विभिन्न स्थानको IEE गराई ठेक्का लगाएकोमा निम्नानुसार २ वटा ठेक्काबाट घनमिटर नदीजन्य पदार्थको बिक्री गरेको पाइयो ।

| क्र.सं. | स्थान | IEE अनुसार ठेक्का भएको | न्यूनतम मूल्य रु. | कबोल अंक रु. | कबोल कर्ता |
|---|---|---|---|---|---|
| १ | जैनटार क्षेत्र नारायणी नदी खण्ड ‘क’, गैंडाकोट - ८ | ५७६०० घ.मि. | २२७८०८०० | २९३८०००० | मेफान्स कन्सट्रक्शन |
| २ | मुरलीटार क्षेत्र नारायणी नदी खण्ड ‘ख’, गैंडाकोट - ७ | ७१२५० घ.मि. | २४९३७५०० | ३२१००००० | ब्रिटीस मेम्बर गण्डकी जे.भी. |
| | जम्मा | १२८८५० घ.मि. | ४७७१८३०० | ६१४८०००० | |

माथि उल्लेखित नदीजन्य पदार्थको बिक्री ठेक्काबाट कबोल बमोजिमको राजस्व बैङ्क जमानत जफत समेत गरी असुली भएको देखिन्छ भने दाखिला हुन बाँकी अन्य कर देखिँदैन । आर्थिक वर्षको अन्त्यमा छोटो अवधिको लागि ठेक्का व्यवस्थापन भएको र छोटो समयमा अधिक उत्खनन तथा सङ्कलन हुँदा वातावरणीय जोखिम उच्च हुने देखिँदा समयमा नै ठेक्का व्यवस्थापन गरी वातावरणीय जोखिम न्यूनीकरणका उपाय अपनाउनुपर्ने तथा प्रभावकारी अनुगमन हुनुपर्ने देखिन्छ ।

३६ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र ७७(३) मा आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण अगावै फछ्यौंट गरी आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक लेखापरीक्षण अधिकृतबाट २०८१।०८।१७ मा पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश भएकोमा निम्नानुसारका व्यहोरा फछ्यौंट हुन बाँकी देखिएकोले तपशिल बमोजिम फछ्यौंट हुनुपर्ने गरी कायम गरिएको छ ।

३६.१ **प्रमाण पेश गर्नुपर्नेः** आन्तरिक लेखापरीक्षणबाट देखिएका प्रमाण पेश गर्नु पर्ने व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | भौ.नं. | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ८६५ | २ नं. वडामा जेष्ठ नागरिकहरुलाई सहज बनाउनको लागी एक थान व्याट्री र ४ थान पंखा खरिद बापत कालिगण्डकी ज्ञानविज्ञान केन्द्र भवन निर्माण उपभोक्ता समितिलाई विविध योजना सञ्चालन खर्च वडा नं २ शिर्षकबाट रु. ४५००० भुक्तानी गरेकोमा उल्लेखित सामग्रीहरु दाखिला गर्नुपर्नेमा दाखिला गरेको नपाइएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । | ४५००० |
| २ | ६७ | फर्निचर तथा फिक्चर्स, सवारी साधन र मेसिनरी औजार शिर्षकबाट २ नं. वडा कार्यालयमा एयर कन्डिसन जडान गरेको भनी मौलाकालिका इलेक्ट्रोनिक्स लाई रु. ८०००१ भुक्तानी गरेकोमा सो एयर कन्डिसनको जिन्सी दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने । | ८०००१ |
| जम्मा रु. | | | १२५००१ |

| प्रमाण पेश नगरेको | १,२५,००१ |
|---|---|

३६.२ **नियमित हुनुपर्नेः** आन्तरिक लेखापरीक्षणबाट देखिएका नियमित गर्नु पर्ने व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | भौ.नं. | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ४७ | आकस्मिक तथा अन्य भैपरी आउने पुँजीगत शिर्षक बाट श्री सीताराम मन्दिर तथा रामघाट क्षेत्र विकास समितिलाई रु. १५०००० भुक्तानी गरेकोमा सिमेन्टको जिल्लादररेट पि.पि.सी को ५८० र ओ.पि.सी को ६७५ भएकोमा विलमा क्रमशः ४२५ र ५२० को दरले भुक्तानी गरेकोले जिल्लादररेट भन्दा कम(पि.पि.सी.को २७९० र ओ.पि.सी. को ४६५०) भुक्तानी हुनुपर्नेमा रु. ७४४० बढी भुक्तानी भएकोले सो कारोबारलाई प्रस्ट्याउने कागजपत्रसहित नियमित गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने । | **७४४०** |
| २ | ७७ | वडाभित्रका विभिन्न टोल जाने बाटो नयाँ ट्र्याक खोलिएका बाटोको स्तरोन्नति मर्मत सम्भार ग्रावेल शिर्षकबाट ३ नं. वडाको बाटोको ट्र्याक खोलेको, ग्रावेल गरेको, मर्मत गरेको लगायत काम गरेको भनी लिंकेज कन्स्ट्रक्शनन प्रा.लि.लाई रु. ९४६४० भुक्तानी गरेकोमा वडाको अनुगमन प्रतिवेदन नभएको, अन्तिम विल भुक्तानीको लागि गरिएको सिफारिसमा योजनाको नाम, लागत, सम्पन्न हुने मिति लगायतका कुराहरु केहि उल्लेख नै नभएकोमा भुक्तानी गरेको देखिएकोले प्रमाण सहित नियमित हुनुपर्ने अन्यथा असुल हुनुपर्ने । | ९४६४० |
| ३ | 35२ | अन्य संस्था सहायता शिर्षकबाट नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादीलाई) रु.५०००० भुक्तानी गरेकोमा निवेदनमा मेयरको तोकादेश अनुसार भुक्तानी गर्ने भनी लेखिएकोमा मेयरले तोकादेश नलगाई र के काम गरेको हो सो केही नखुलाई भुक्तानी गरेकोले सो रकम यस्ता पार्टीगत रुपमा भुक्तानी गर्न नमिल्ने हुनाले यस्ता शिर्षकमा भुक्तानी नगर्नुहुन अनुरोध गर्दै प्रमाण पेश गरी नियमित गर्ने, अन्यथा असूल गर्नुपर्ने । | ५०००० |
| ४ | २२७२ | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)को नामबाट सहयोग रकम माग भएकोमा अन्य सामाजिक सहायता शिर्षकबाट टिकाराम पौडेललाई रु.४०००० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोलेकारोबारलाई प्रस्ट्याउने कागजपत्रसहित नियमित गर्नुपर्ने अन्यथा असुलउपर हुनुपर्ने । | ४०००० |
| जम्मा रु. | | | १९२०८० |

| अनियमित भएको | १,९२,०८० |
|---|---|

३६.३ **असुल हुनुपर्नेः** आन्तरिक लेखापरीक्षणबाट देखिएका असुल गर्नु पर्ने व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | भौ.नं. | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ९७६ | विविध योजना सञ्चालन खर्च वडा नं १३ शिर्षकबाट श्री दुर्गा मन्दिर गँडाकोट १३ लाई रु. १०००००  भुक्तानी गरेकोमा ३ प्रतिशत कन्टिन्जेन्सी रु. ३००० काटेर भुक्तानी गर्नुपर्नेमा कन्टिन्जेन्सी रकम रु. ३००० पनि रा.वा.वै भनी सम्बन्धीत पार्टीके नाममा भुक्तानी भएकोले सो रकम असूल गर्नुपर्ने । | ३००० |
| २ | २२०४ | खगेन्द्र क्षेत्रीको २०८१.२.२३ देखि २७ गतेसम्मको दैनिक भ्रमण आदेश स्वीकृत भएकोमा २८ गतेसम्मको रकम भुक्तानी भएकोले १ दिन बराबरको रकम रु.१२०० असुल उपर गर्नुपर्ने । | १२०० |
| ३ | ५१५ | नगरपालिका कार्यालय भवन निर्माण शिर्षकबाट शितल शाखा मार्ग निर्माण समिति सँग रु. ३००००० को कारोवार गरेकोमा कन्टिन्जेन्सी ३ प्रतिशत रु. ९००० काट्नुपर्नेमा रु. ३००० मात्र कट्टा गरेकोले रु.६००० असुलउपर गरी दाखिला गर्नुपर्ने । | ६००० |
| ४ | ५१६ | दुर्गा मन्दिर मर्मत शिर्षकबाट नवदुर्गा मन्दिर अमरापुरीलाई रु. ७५००० भुक्तानी गरेकोमा कन्टिन्जेन्सी ३ प्रतिशत रु. २२५० काट्नुपर्नेमा कट्टा नगरी भुक्तानी गरेकोले सो रकम असुलउपर गरी दाखिला गर्नुपर्ने । | २२५० |
| ५ | ११७७ | विविध योजना तथा कार्यक्रम सञ्चालन खर्च वडा नं. ६ शिर्षकबाट विजय एफ.एम.लाई रु. ४००० भुक्तानी दिनु भनी वडासमितिको निर्णय अनुसार वडाबाट सिफारिस भएकोमा रु. ५००० भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने । | १००० |
| जम्मा रु. | | | १३४५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,४५० |

३७ **नदीजन्य पदार्थको मौज्दात प्रमाणीकरणः**

नदीजन्य पदार्थको मौज्दात राख्ने व्यक्ति, फर्म तथा कम्पनीहरुको अभिलेख राखी पालिकाबाट अनुगमन गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा विगत ३ वर्षको मौज्दात प्रमाणीकरण सम्बन्धी विवरण माग भएकोमा साविकमा पालिकाले आफैं घाटगद्दी गरी राखेको गैंडाकोट ६ र ७ को सिमाना सृजनशील आ.वि. दक्षिणमा राखेको ७८०८३.७३ घनमिटर र यो वर्ष ठेक्का लिने मफान्स कन्सट्रक्शन एण्ड सप्लायर्स र ब्रिटिश मेम्बर गण्डकी जे.भी. को क्रमशः २०००० घनमिटर र ४८००० घनमिटर मौज्दात प्रमाणिकरणको लागि स्वघोषणा सहितको निवेदन, गैंडाकोट नगपालिकाको नदीजन्य पदार्थ निर्देशन समितिको निर्णय र नगर कार्यपालिकाको निर्णय बमोजिम अप्रशोधित नदीजन्य पदार्थ (ढुंगा, गिटी र बालुवा) को मौज्दात प्रमाणित गरी जिल्ला अनुगमन समितिको सचिवालय र नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको सचिवालयलाई आवश्यक अनुगमनको लागि र अन्य प्रशासनिक निकायलाई जानकारीको लागि पत्राचार गरेको पाइयो । पालिका भित्र रहेको माथि उल्लेखित बाहेक अन्य व्यक्ति, फर्म र कम्पनीको नदीजन्य पदार्थको मौज्दात समेत अनुगमन गरी राजस्व छुट भए नभएको यकीन गरेर छुट भएको देखिएमा नियमानुसार असुल हुनुपर्दछ।

३८ **पेश्की बाँकीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट हुन बाँकी देखिएको हुदा सो पेश्की रकम नियमानुसार फर्स्यौट हुनु पर्दछ ।

| क्र.सं. | पेश्की लिनेको विवरण | चालु आ.व.को | गत आ.व. सम्मको बाँकी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिलमाया लम्साल रेग्मी | १५०००० | ० | १५०००० | आ.व. २०८१।८२ को गो.भौ.नं. २ बाट फस्यौंट । |
| २ | श्री जनक मा.वि. | ० | ५००००० | ५००००० | आ.व. २०८१।८२ को गो.भौ.नं ४९ बाट फस्यौंट । |
| ३ | जयश्री कालीगण्डकी ग्रुप अफ कन्सट्रक्सन प्रा.लि. | १०२८९३१ | ० | १०२८९३१ | |
| ४ | जी.डी.जि. कन्सट्रक्सन | ९४४००० | ० | ९४४००० | |
| ५ | प्रभु कौसिका निर्माण सेवा | ४१०००० | ० | ४१०००० | |
| ६ | प्रभु कौसिका निर्माण सेवा | १४१०००० | ० | १४१०००० | |
| ७ | गौरव नेपाल ईन्जिनियरिङ्ग प्रा.लि. | ११०००० | ० | ११०००० | |
| जम्मा | | ४०५२९३१ | ५००००० | ४५५२९३१ | |

*नोटः सहायक पाँचौ तहका कर्मचारी श्री दिलमाया लम्साल रेग्मीले लिएको पेश्की रु. १५०००० आ.व. २०८१।८२ को गो.भौ.नं २ बाट र श्री जनक माध्यमिक विद्यालयको पेश्की रु. ५ लाख आ.व. २०८१।८२ को गो.भौ.नं. ४९ बाट फस्यौंट गरिएको हुँदा सो पेश्की लगती कायम गरिएको छैन । अन्य पेश्की म्याद कायम रहेको निर्माण व्यवसायीको पेश्की रहेको छ ।*

३९ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष आकस्मिक तथा अन्य भैपरी शिर्षकमा ६४ वटा कार्य गरे वापत कार्यपालिको निर्णय अनुसार रु. १,००,००,०००.०० रकम अबण्डा राखी खर्च लेखेको छ । त्यस्तै गरी गत वर्षको छुट भैपरी/आकस्मिक योजनामा कार्यपालिकाको निर्णय अनुसार रु. ३८,९७,७३७.०० खर्च लेखेको पाईयो । यसरी बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

४० **आयुर्वेदिक औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम वार्षिक आवश्यकताको परिमाण विश्लेषण गरी गरी पुल सिस्टमको आधारमा आयुर्वेदिक औषधीको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले रु. ४६९९८२।०० को आयुर्वेदिक औषधि खरिद गरेकोमा खरिद गर्नु अघि आवश्यकताको विश्लेषण र लागत अनुमान विवरण तयार गरेको पाइएन । पालिकाले यस प्रकारको औषधि खरिद गर्दा उपयोग र मौज्दातको अवस्था यकिन गरी माग तथा आवश्यकताको विश्लेषणका आधारमा लागत अनुमान तयार गरी सोही बमोजिम औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४१ **फोहोरमैला व्यवस्थापनः**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम फोहोरको सङ्कलन, ढुवानी र विसर्जन गरी फोहरको उचित व्यवस्थापन हुनुपर्दछ । पालिकाले फोहोर सङ्कलन गर्दा कुहिने, नकुहिने र जोखिमपूर्ण फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने गरेको पाइएन भने एउटै गाडीमा सबै प्रकारका फोहोर उठाई नारायणी नदी किनारमा स्काभेटरले सामान्य खनेर पुर्ने गरेको पाइयो । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा नदी किनारमा फोहोर फालेको, फोहोरमैला व्यवस्थापनमा संलग्न कर्मचारी/कामदारहरुले बुट, पञ्जा, मास्क, ज्याकेट लगाएको पाइएन । यसबाट फोहोरमैला व्यवस्थापनमा सेनेटरी ल्याण्डफिल साइट नभएको तथा फोहोरमैला व्यवस्थापनमा संलग्न जनशक्तिको सुरक्षाको उपयुक्त उपाय अवलम्बन नगरेको देखियो । फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त हुने सेनिटरी ल्याण्डफिल साइटको व्यवस्था गरी ऐनले तोके बमोजिम फोहोरमैला व्यवस्थापन हुनुपर्दछ ।

४२ **आँखा उपचार केन्द्र सञ्चालनः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत स्वास्थ्य खण्डमा स्थानीय स्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचरात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन गर्ने विषय उल्लेख छ । पालिकाले स्थानीय समुदायमा आँखा सम्बन्धी स्वस्थ्य सेवा सञ्चालन गर्न वार्षिक बजेटमा आँखा उपचार केन्द्र स्थापना शिर्षकमा रु. ६०००००।०० बजेट विनियोजन गरेको छ । केन्द्र सञ्चालनको लागि पालिकाले भरतपुर आँखा अस्पतालसँग मिति २०८०।०६।२६ मा ५ वर्षको लागि आँखा उपचार केन्द्र सञ्चालन सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार आँखा उपचार केन्द्रको लागि आवश्यक औषधि, उपकरणहरु र जनशक्तिको व्यवस्था भरतपुर आँखा अस्पतालले गर्ने र केन्द्र सञ्चालनको लागि पालिकाले भवन तथा वार्षिक रुपमा रु. ६०००००।०० भरतपुर आँखा अस्पताललाई उपलब्ध गराउनुपर्ने देखिन्छ । केन्द्रको प्रभावकारी र गुणस्तरीय सञ्चालनको लागि ७ सदस्यीय आँखा उपचार केन्द्र सहयोग समित गठन गरिने र केन्द्रबाट बिरामीसँग लिइएको नयाँ रजिष्ट्रेशन शुल्कको १० प्रतिशत रकम आँखा उपचार केन्द्र सहयोग समितिलाई दिइने उल्लेख छ । उक्त समिति गठन भएनभएको तथा समितिले के कसरी काम गरिरहेको छ भन्ने बारे यकीन अभिलेख उपलब्ध छैन । केन्द्रले यस वर्ष बिरामीसँग लिएको नयाँ रजिष्ट्रेशन शुल्क तथा त्यसबाट आँखा उपचार केन्द्र सहयोग समितिलाई उपलब्ध गराएको रकम स्रेस्ता विवरणबाट खुलेको छैन । पालिकाले यस वर्ष भरतपुर आँखा अस्पताललाई रु. ६०००००।०० भुक्तानी गरेको छ तर आँखा उपचार केन्द्र सञ्चालन सम्बन्धमा पालिकाले कुनै पनि अनुगमन तथा मूल्याङ्कन नगरी भरतपुर आँखा अस्पतालले पेश गरेको आवधिक प्रतिवेदन तथा निवेदनको आधारमा भुक्तानी गरेको देखिन्छ । तसर्थ आँखा उपचार केन्द्रमा अस्पतालले खटाएको जनशक्ति, केन्द्रबाट प्रवाह भएको सेवा र सोको प्रभावकारिता तथा सम्झौता बमोजिम सङ्कलित सेवा शुल्क बाँडफाँड सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी आँखा उपचार केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४३ **स्वास्थ्य बीमाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत स्वास्थ्य खण्डमा स्थानीय स्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचरात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन गर्ने विषय उल्लेख छ । पालिकाले यस वर्ष विपन्न परिवार स्वास्थ्य बीमा शिर्षकमा विभिन्न वडाहरुमा वडागत बजेट विनियोजन गरी वडा समितिको सिफारिसको आधारमा विपन्न परिवारको स्वास्थ्य बीमा बापत जम्मा रु. ११९८०००।०० खर्च गरेको छ । तर विपन्न परिवारको आधार र मापदण्ड प्रष्ट भएको देखिँदैन भने बीमा कार्यक्रमको आगामी वर्षहरुमा लाग्ने नवीकरण शुल्क कसले र कसरी व्यहोर्ने भन्ने बारेमा स्पष्ट कार्ययोजनाको अभाव देखिन्छ । पालिकाले विपन्न परिवारको सूचीकरण गरेको छैन भने बीमा गरिएका र बीमा गर्न बाँकी विपन्न परिवारको एकीकृत अभिलेख राखेको पाइएन । तसर्थ पालिकाले यस किसिमको कार्यक्रम सञ्चालन गर्दा

कार्यविधि बनाई निश्चित मापदण्डको आधारमा सबै विपन्न परिवारले समान सहभागीताको अवसर पाउने र कार्यक्रमको दीगोपना सुनिश्चित हुनेगरी एकद्वार प्रणालीमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४४ **नगर अस्पताल सञ्चालनः**

पालिका अन्तर्गतका निकायको लेखापालन र प्रतिवेदन नेपाल सरकारले तोकेको लेखा प्रणाली अनुसार गरी लेखापरीक्षण गराउनुपर्दछ । पालिका अन्तर्गत गैँडाकोट नगर अस्पताल सञ्चालनमा रहेको पाइयो । नगर अस्पतालको लागि पालिकाबाट तलब भत्ता भुक्तानी हुने गरी करारमा नियुक्त कर्मचारीको तलब भत्ता र अन्य बिल भर्पाई संलग्न गरी पालिका बाटै भुक्तानी भएका विल भरपाई बाहेक नगर अस्पतालको यो वर्षको आय विवरणमा उल्लेखित आय रु. ४४०५२७९०।१३ र व्यय रु. ५४३६३९१२।३५ समेतको कारोबारको महालेखा नियन्त्रक कार्यालयबाट तोकिएको SuTRA प्रणाली बमोजिम लेखा राखी लेखापरीक्षणको लागी पेश भएकोले सो कारोबारको लेखापरीक्षण भएको छैन । नगर अस्पतालको कारोबारको लेखापालन सुत्र प्रणाली अन्तर्गत कार्यसञ्चालन कोष मार्फत गरी सोही बमोजिम लेखापरीक्षण हुनु पर्दछ ।

४५ **औषधि आपूर्तिः**

पालिकाले औषधि खरिद गर्दा मितव्ययी रुपमा खरिद गर्नुपर्दछ । पालिकाले यो वर्ष खरिद गरेको औषधिको स्रेस्ता परीक्षण गरी नमुना छनौटबाट भिडान गर्दा मेडी सेल्स भरतपुरबाट खुल्ला बोलपत्र मार्फत खरिद भएको औषधिको भुक्तानी मिति २०८०।०९।२९ मा भौचर नं. ५८ बाट र मिति २०८१।०१।३० मा भौचर नं. २११ बाट रु. ७५६२८७।०० र मिति २०८१।०१।३० मा भौचर नं. १०२ बाट समेत भुक्तानी भएकोमा निज आपूर्तिकर्तासँगको सम्झौतामा आवश्यक औषधि सम्झौताको दररेटमा थप आपूर्ति गर्ने व्यवस्था विपरित पालिकाले (पालिका स्वास्थ्य चालु) बाट कोटेशनमा क्रिशम फार्मेसीबाट ११ प्रकारका औषधि खरिद गरी मिति २०८१।०३।१७ मा भौचर नं. १५३ बाट रु. ३४९४३६।०० भुक्तानी भएको मध्ये साबिक आपूर्तिकर्ताको सम्झौता भित्रको दररेट उल्लेख भएको एमलोडिपाइन ५ एम.जी. ट्यब्लेट बोलपत्रबाट प्रति ट्याब्लेट रु. ४ भएकोमा कोटेशनबाट रु. ५ का दरले ६० हजार ट्यावलेट खरिद भएको पाइयो । यसरी बढी दरमा खरिद गर्दा रु. ६००००।०० बढी व्ययभार परेको देखिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

४६ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. २६८०३६०००।०० विनियोजन भएकोमा रु. २६६०५९५०४।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

४६.१ **सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानिय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए तापनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी सार्वजनिक गरेको र वेबसाइटमा अद्यावधिक गरेको पाइएन । समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको अक्षरशः पालना हुनुपर्दछ ।

४६.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु

सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ ।

४७ **सहकारी संस्थाको अनुगमन र नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र रहेका सहकारीको नियमित अनुगमन गरी सहकारीका बचतकर्ताको बचतको सुरक्षाको सुनिश्चितता प्रदान गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका भित्र कार्यक्षेत्र रहने गरी २६ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेकोमा २४ वटा सहकारीले नियमित लेखापरीक्षण प्रतिवेदन बुझाएका तर २ वटा सहकारीले लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रतिवेदन नियमित रुपमा पालिकामा पेश नगरेको पाइयो । पालिकाका २६ सहकारीमा ५००१२ जना शेयर सदस्य रहेका र ४६६११ जना बचतकर्ताको रु. २ अर्ब ९० करोड ११ लाख ८२ हजार बचत रहेको तथा रु. २ अर्ब ४९ करोड ६२ लाख ६० हजार ऋण प्रवाह भएको छ । कुल ऋण प्रवाह मध्ये ७२३ जना ऋणीहरुलाई प्रवाह भएको रु. ११ करोड ९० लाख ३१ हजार ऋणको भाखा नाघी जोखिमपूर्ण अवस्थामा रहेको पाइयो । सहकारीमा रहेको बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी वित्तीय जोखिम न्यून गराउन नियमित तथा प्रभावकारी अनुगमन गर्नुको साथै समस्याग्रस्त सहकारीहरुलाई कारबाही गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४८ **आन्तरिक आय व्यवस्थापनः**

पालिकाको आन्तरिक आय व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् ।

४८.१ **तीन वर्षको तुलनात्मक विश्लेषणः** यस पालिकाको तीन वर्षको आन्तरिक आम्दानीको विवरण देहाय अनुसार रहेको छ।

| राजस्व उपशीर्षक | आ.व. ८०।८१ | | आ.व. ७९।८० | | आ.व. ७८।७९ | |
|---|---|---|---|---|---|---|
| | अनुमानित राजस्व | प्राप्त रकम रु. | अनुमानित राजस्व | प्राप्त रकम रु. | अनुमानित राजस्व | प्राप्त रकम रु. |
| कर राजस्व | ३१४४००००. | २७७५१८२०. | २१९०००००. | २१९०६९६३.५३ | २०४५००००. | २४८५८९११.१६ |
| गैर कर राजस्व | १४६७६००००. | १००३४६५७६.९८ | ८०६०९०००. | ११७९९९८५२.१३ | ५०७५००००. | ४२७४५१८१.१३ |
| जम्मा आन्तरिक राजस्व | १७८२०००००. | १२८०९८३९६.९८ | १०२५०९०००. | १३९९०६८१५.६६ | ७१२०००००. | ६७६०४०९२.२९ |

पालिकाले आर्थिक वर्ष २०७८।७९ मा रु. ७ करोड १२ लाख कुल आन्तरिक आम्दानी हुने अनुमान गरेकोमा रु. ६ करोड ७६ लाख आम्दानी गरेको छ भने आर्थिक वर्ष २०७९।८० मा १० करोड २५ लाख आम्दानी हुने अनुमान गरेकोमा रु. १३ करोड ९९ लाख आम्दानी गरेको पाईयो । आर्थिक वर्ष २०७९।८० मा अनुमान गरेको भन्दा ४० प्रतिशत बढी आम्दानी गरेकोमा यस आर्थिक वर्ष रु. १७ करोड ८२ लाख आम्दानी हुने अनुमान गरेकोमा रु. १२ करोड ८१ लाख आम्दानी गरेको छ जुन अनुमानको तुलनामा २८ प्रतिशत घटी आम्दानी हुन आउछ । आर्थिक वर्ष २०७८।७९ को तुलनामा आर्थिक वर्ष २०७९।८० मा आन्तरिक आम्दानी बृद्धि गरे तापनि आर्थिक वर्ष २०८०।८१ मा पुनः घटेको अवस्था छ । पालिकाले अनुमान अनुसारको आम्दानीको लक्ष्य हाँसिल गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४८.२ **करदाता अभिलेखः** पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका करदाको विवरण अध्यावधिक गर्नु पर्दछ । करदाताको अभिलेखबाट कुन कुन करदाताले के कति कर तिरेको छ र के कति तिर्न बाँकी रहेको छ भन्ने जानकारी प्राप्त हुने गर्दछ । यस पालिकाले करदाताको अभिलेख तयार पारेको नदेखिदा के कति करदाता कर तिर्न बाँकी रहे र के कतिले तिरे भन्ने जानकारी प्राप्त गर्न सकिएन । आफ्नो कार्य क्षेत्र भित्रका करदाता नक्साङ्कन गरी करदाताको विवरण अद्यावधिक बनाई कर संकलन र आन्तरिक आम्दानी बिस्तार गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४८.३ **राजस्व वृद्धि कार्ययोजनाः**

पालिकाले आफ्नो आयको स्रोत र क्षेत्र पहिचान गरी आयका क्षेत्रहरु विस्तार गर्नुपर्दछ । पालिकामा विभिन्न संघ संस्थाबाट हुने मेला महोत्सवमा लाखौँको टिकट बिक्री हुने तर त्यसबाट पालिकाले तोकिए बमोजिमको मनोरञ्जन कर प्राप्त गरेको देखिँदैन । नारायणी नदीमा चल्ने राफ्टिङ तथा मौलाकाली केवलकार लागायतबाट समेत पालिकाले आय प्राप्त गर्न सकेको देखिएन । पालिका भित्र कवाडी कर सङ्कलन, कृषि जन्य वस्तु तथा सेवाको निर्यातमा शुल्क सङ्कलन लगायतमा करका दायरा र नयाँ क्षेत्र पहिचान गरी आय वृद्धि गर्न सकिने भए तापनि पालिकाले त्यस तर्फ पर्याप्त ध्यान पुर्याएको नदेखिएकोले आय वृद्धिको लागि करको क्षेत्र र दायरा विस्तार गरी पालिकाको आय वृद्धि कार्ययोजना बनाई कार्यान्वियन हुनुपर्ने देखिन्छ।

४९ **समपुरक अनुदानको भुक्तानीः**

समपुरक अनुदानको रकमबाट निर्माण कार्य गर्दा भुक्तानी रकमको अनुपान मिलाएर मात्र निर्माण व्यवसायीलाई भुक्तानी गर्नु पर्दछ । कार्यालयले समपुरक अनुदानबाट निर्माण गरिएका आयोजनाको भुक्तानी गर्दा सो अनुसारको अनुपात मिलाएर भुक्तानी नगरी संघीय अनुदान र गण्डकी प्रदेश सरकारको अनुदानमा बढी भार पर्ने गरी भुक्तानी गरेको देखियो । पालिकाले देहाय अनुसारका निर्माण कार्यको खरिद सम्झौतामा संघीय समपुरक तथा गण्डकी प्रदेश सरकारको समपुरक तर्फको बजेट को ४० प्रतिशत देखी ५० प्रतिशत सम्म रकमको अनुपात मिलाई भुक्तानी गर्नु पर्नेमा सो नगरी अनुदानबाट मात्र भुक्तानी गर्ने कार्यमा नियन्त्रण गरी समपुरक अनुदानको हिस्सा अनुसार खर्च लेख्ने तर्फ ध्यान जानु पर्दछ ।

| सि.नं. | आयोजनाको नाम | सरकरको तह | अनुदानबाट भुक्तानी | कुल भएको काममा हुनुपर्नेअनुदानको हिस्सा | अनुदानबाट बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १-९ सडक कालोपत्रे | प्रदेश (६०%) | ६८०००० | ४०८००० | २७२००० | |
| २ | वडा नं १ कार्यालय भवन | संघीय (५०%) | ५०००००० | ४०९६९२१ | ९०३०७९ | |
| ३ | वडा नं १५ कार्यालय भवन | प्रदेश (६०%) | ५०१६३३३ | ३१०२८६५ | १९१३४६८ | |
| **जम्मा** | | | | | **३०८८५४७** | |

५० **नविकरणीय उर्जा शिर्षकमा प्राप्त अनुदानको उपयोगः**

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१६०,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५१ **निशुल्क शिक्षा व्यवस्थापन प्रोत्साहनः**

नेपाल सरकारले सबै सरकारी विद्यालयमा आधारभूत तहको शिक्षा निशुल्क हुने घोषणा गरे बमोजिम EMIS को तथ्याङ्कको आधारमा शिक्षक दरबन्दी तथा अन्य खर्च व्यवस्थापन गरेको छ । यो वर्ष संघीय सरकारले शिक्षा तर्फ चालु अनुदानमा विभिन्न क्रियाकलापका लागि यस पालिकालाई रु. २७७९४८००० बजेट व्यवस्था गरेकोमा रु. २६१४९१५४८खर्च भएको पाइयो भने पालिकाको आन्तरिक स्रोतबाट (राजस्व बाँडफाँड समेत) यो वर्ष विभिन्न क्रियाकलापमा रु. २८२९४८६४ खर्च गरेको छ । निशुल्क शिक्षा व्यवस्थापन र प्रोत्साहन सहयोग अन्तर्गत आन्तरिक स्रोतबाट ३५ विद्यालय र ३ बाल विकास केन्द्र समेत ३८ विद्यालयको लागि पानी तथा बिजुली, सरसफाइ, नियमित मर्मत, भैपरी आउने खर्च, विद्यालयमा आवश्यकताअनुसार थप शिक्षक व्यवस्थापन समेतलाई सहयोग गर्न शिक्षा समितिको मिति २०८०।०५।३१ को निर्णय अनुसार ५ कक्षा सम्म निशुल्क शिक्षाको लागि विद्यार्थी संख्याको आधारमा निशुल्क शिक्षा व्यवस्थापन प्रोत्साहन कार्यक्रम शिर्षकबाट मिति २०८०।०९।२२ मा भौचर नं. ३६ बाट रु.७०३९२००, मिति २०८०।१२।२१ मा भौचर नं. ११७७ बाट रु. ४४९२०००।०० र ५ वटा विद्यालयको लागि मिति २०८१।०३।२० बाट प्रति विद्यालय थप रु. १ लाखका दरले रु. ५ लाख गरी जम्मा रु. १२०३१२००।०० निकासा गरेकोमा पालिकाले यस सम्बन्धमा प्रष्ट मापदण्ड सहितको कार्यविधि

स्वीकृत गरेको पाइएन । स्वीकृत मापदण्ड र कार्यविधि बेगर सबै विद्यालयलाई समान आधारमा निकासा गरेको नियम सम्मत नदेखिएकोले खर्च गर्ने स्पष्ट मापदण्ड सहितको खर्च पुष्ट्याईँ हुने प्रमाण संलग्न गरी नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,२०,३१,२०० |

५२ **राष्ट्रपति रनिङ शिल्डः**

कुनै पनि कार्यक्रम सञ्चालन गर्दा कार्ययोजना र लागत व्यहोर्ने स्रोत सम्बन्धमा आधरकारिक निकायबाट निर्णय गरी पूर्वनिर्धारित मापदण्डका आधारमा आयोजक छनोट तथा सम्झौता गरी पालिकाको तर्फबाट हुने भुक्तानी हुनुपर्नेमा पालिकाले मिति २०८०।१०।३० मा भौचर नं. ३८ बाट राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम आयोजनामा खर्च भएको रु. ९०२७९०।०० को बिल पेश भए बमोजिम (रु. ७८००००।०० पेश्की फछर्यौट समेत) भुक्तानी भएकोमा आयोजक छनोटको निर्णय, आयोजक सँगको सम्झौता र लागत साझेदारीको निर्णय पेश भएको नदेखिएकोले सो सम्बन्धमा प्रमाण पेश गरी नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ९,०२,७९० |

५३ **सञ्चालन अनुदानः**

स्वीकृत बजेट विनियोजन बमोजिम कार्यक्रम कार्यान्वन हुनुपर्दछ । पालिकाले मिति २०८१।०२।३१ मा भौचर नं. ८७ बाट कालिका विद्यापीठ ११, १२ सञ्चालन अनुदान शिर्षकबाट उक्त विद्यालयको भवन निर्माण गरेको प्राविधिक मूल्याङ्कन संलग्न गरी रु. ४९७३७३।०० भुक्तानी गरेकोमा सम्झौतामा कुल लागत पालिकाले व्यहोर्ने र विद्यालयको योगदान नखुलाई अनुगमन प्रतिवेदन समेत संलग्न बेगर भुक्तानी गरेको नियम सम्मत नदेखिएकोले उक्त प्रमाणहरु संलग्न गरी नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९७,३७३ |

५४ **निशुल्क पाठ्यपुस्तक अनुदानः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९को नियम ३६ बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने सक्कल बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । यस वर्ष सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम अन्तर्गत रु. ७१२६०००।०० विनियोजन भएकोमा पालिकाले ३५ वटा विद्यलयहरुलाई जम्मा रु. ६४१४८९६।०० निकासा गरेको छ । निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम अन्तर्गत वितरित पाठ्यपुस्तकको सक्कल बील पेश गर्नुपर्नेमा श्री कालिका माद्यमिक विद्यालय, गैँडाकोट - ८ ले रु. ५९२३९३।०० को प्रतिलिपी बिल पेश गरेकोले सक्कल बिल पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९२,३९३ |

५५ **मेयर कपः**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ को उपनियम १ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले मेयरकप नगरस्तरीय युवा फुटबल प्रतियोगित सञ्चालन कार्यक्रमबाट t20 क्रिकेट खेल प्रतियोगता बापत नवजागरण ग्रामीण विकास केन्द्रलाई मिति २०८०।१२।२८ मा भौचर नं. ५६ बाट रु. ४०००००।०० भुक्तानी दिएकोमा उक्त संस्थाले खेलकुद प्रतियोगिता सम्बन्धी प्रस्तावना पेश गरेको र पालिकाले उक्त संस्थाको प्रस्तावना स्वीकृत गरी सम्झौता समेत गरेको पाइएन । फुटबल खेल प्रतियोगिताको लागि विनियोजित बजेटबाट स्वीकृत प्रस्तावना र सम्झौता बेगर अन्य संस्था मार्फत क्रिकेट प्रतियोगिता सञ्चालन गराई खर्च लेखेको रु. ४०००००।०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

५६ **विद्यालयको लेखापरीक्षणः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१० मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष

३५ वटा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा लेखापरीक्षण कार्यको लागि रु. ४०००००.०० निकासा दिएकोमा हालसम्म पनि सामाजिक परीक्षण तथा लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको पाइएन । तसर्थ सम्बन्धित विद्यालयहरुबाट समाजिक परीक्षण तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

५७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका भित्रका १८ वटा वडा संचालन लगायत पालिकाको विविध खर्च वापत रु. ४५ लाख विनियोजन गरेकोमा रु. ४५ लाख नै खर्च लेखेको छ । पालिकाले विविध खर्च शिर्षकबाट चालु खर्च गर्दा मितव्ययी र औचित्यपूर्ण तवरले खर्च गर्नुपर्दछ ।

५८ **सामी कार्यक्रम साझेदारीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । यस वर्ष पालिकाले सामी कार्यक्रम साझेदारी अन्तर्गत हिमालयन सामुदायिक विकास मञ्चलाई रु. ५०००००।०० भुक्तानी गरेको छ । कुल भुक्तानी मध्ये उक्त संस्थासँग भएको कार्यक्रम सञ्चालन सम्झौताको शर्त नं. ५ अनुसार वैदेशिक रोजगारी सम्बन्धी पार्श्वचित्र निर्माण बापत पालिकाले गो.भौ.नं. २१४६ मिति २०८१।०३।२० बाट रु. ११०६८०।०० भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म पनि सम्झौता बमोजिमको पार्श्वचित्र निर्माण गरी पेश गरेको देखिएन । तसर्थ सम्झौता बमोजिमको पार्श्वचित्र निर्माण गरी हस्तान्तरण भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित संस्थाबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,६८० |

५९ **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै विक्रि गरि प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि विक्री नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने व्यवस्था रहेको छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०८०।८१ मा पालिकाले तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरेको छ ।

| क्र.सं. | कार्यक्रम /प्याकेजको नाम | विस्तृत विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १) | उद्यमशीलता विकास तालिम | (३५ जनालाई ८दिन सम्म) | ११११३४।०० | तालिमको क्रममा उत्पादित सामग्रीको बिक्री तथा आयआर्जन सम्बन्धी अभिलेख नराखिएको । |
| २) | नयाँ उद्यमीको सिप विकास तालिम | ६० दिन २२ जनालाई सिलाईबुनाई तालिम | ३९३६४३।०० | |
| | | १५ दिन १२ जनालाई रोटिका विभिन्न परिकारहरुबनाउने | १५७३१०।०० | |
| ३) | पुराना उद्यमीको स्तरोन्नति (५ जना उद्यमीलाई ६० दिन) | पुनर्ताजगी तथा एडभान्स सीप विकास (होजियारी) तालिम | १९९४६०।०० | |
| ४) | समूहमा प्रविधि हस्तान्तरण | २१ वटा सिलाई मेशिन | ३२५५००।०० | ५०% साझेदारी |
| | जम्मा खर्च रु. | | ११८७०४७।०० | |

पालिकाले आ.व. २०८०।८१ मा सिलाइ बुनाइ, रोटीका परिकार बनाउने र होजियरी सम्बन्धी सीप विकास तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमहरुबाट उत्पादित सामग्रीहरुको अभिलेख राखेको छैन । तालिमको क्रममा उत्पादित सामग्रीहरुको बिक्री वितरण गरी प्राप्त रकम राजस्व दाखिला गरिएको छैन । सामग्रीहरुको जिन्सी दाखिला समेत गरिएको छैन । जसका कारण एकातिर गरिबी

निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ ।

६० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्वेश्यले 753 वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चालन कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकाका 18 वटा वडामा नाली सरसफाई, मोटरबाटो निर्माण तथा सरसफाइ, सिँचाइ कुलो र नाला मर्मत तथा नहर सरसफाइ, चौतारो निर्माण, खानेपानी योजना निर्माण, शौचालय निर्माण, पार्क सरसफाई लगायतका प्याकेजमा निर्माण, मर्मत तथा सरसफाइका २२ वटा प्याकेजमा कार्यक्रम सञ्चालन गरी जम्मा ५४४ जना सूचीकृत बेरोजगारहरु मध्ये ११४ जनालाई औसत ६८ दिनका दरले जम्मा ७७३२ दिन रोजगारी उपलव्ध गराई ज्याला बापत कुल रु. ५० लाख ५५ हजार ४२४ खर्च गरेको छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु. ७२३००००।०० मध्ये लक्षित वर्गलाई औसत ६८ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ७११५५५७।०० खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६१ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा शिर्षकमा रु. २ करोड ३३ लाख विनियोजन गरेकोमा ९४ जना जनप्रतिनिधिहरुको सेवा सुविधा बापत जम्मा रु. २ करोड २६ लाख ८१ हजार खर्च गरेको छ । जसमा पदाधिकारी बैठक खर्च तथा चाडपर्व खर्च र १२ महिनाको सेवा सुविधा बापतको भुक्तानी समावेश छ ।

६२ **ठेक्का शर्तः**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियामा प्रतिष्पर्धा, स्वच्छता, जवाफदेहिता र विश्वसनीयता प्रबर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खरिद गर्नुपर्ने उल्लेख छ । सो ऐनको दफा ९ अनुसार योग्य बोलपत्रदातालाई बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज. मा कुनै विशेष योग्यता आवश्यक पर्ने खरिद कार्य वा दुई करोड भन्दा बढीको निर्माण कार्यको लागी मात्र बोलपत्रदाताले दुई अलग अलग खाममा राखी प्रस्ताव पेश गर्नु पर्ने व्यवस्था छ । निर्माण कार्यको प्राबिधिक जटिलताका आधारमा Contracts of Similar Size and Nature अन्तर्गत निर्माण कार्यको प्रकृति अनुसार शर्त नै आवश्यक राख्नुपर्दछ, तर प्राबिधिक जटिलता नरहेकोमा प्रतिष्पर्धा संकुचित गर्ने गरी औचित्य पुष्टि गर्न नसकिने शर्त राख्नु हुँदैन । कार्यालयले प्राविधिक पुष्ट्याई बेगरजयश्री खोला पुल निर्माणका लागि ठेक्का आव्हान गर्दा दुई करोड भन्दा घटी रकमको निर्माण कार्यमा समेत Minimum Experience of similar size and nature मा one number of Galvanized Motorable steel bridge of at least IRC 40R load class of span 20m or 28 tonne steel work आवश्यक पर्ने भनी Qualification Criteria राखेको पाईयो । प्राबिधिक औचित्य पुष्ट्याई बेगर यस प्रकारका शर्त राख्दा प्रतिष्पर्धा सीमित हुने तथा कुनै पक्षलाई अनुकूल हुने देखिन्छ । बोलपत्रमा निर्माण व्यवसायी गौरभ नेपाल ईन्जिनियरिङ्ग प्रा.ली. ले सुर्य विनायक नगरपालिकाले १८ मेट्रिक टन स्टिल प्रयोग गरी ४ वटा पुल बनाएको, सडक डिभिजन सुर्खेतले १४.७४ मेट्रिकटन स्टिल प्रयोग गरी स्टिल पुल बनाएको र माङ्सेबुङ्ग गाउँपालिकाले ६.१८ मेट्रिकटन स्टिलको प्रयोग गरी पुल बनाएको भनी जारी गरेको अनुभव पत्रका आधारमा

निज निर्माण व्यवसायीलाई छनौट गरेको देखियो । तर सो निर्माण गरिएका पुलहरु कम्तिमा २० मिटर स्पानको Motorable पुल र IRC 40R load class को रहेको भनी प्रमाणीत गरेको देखिएन ।

निर्माण कार्यको लागी अस्वाभाविक शर्त राखेको कारण प्रतिष्पर्धा सीमित हुदा एउटा मात्र बोलपत्रदाता सहभागी भई सोही बीलपत्रदाता गौरभ नेपाल ईन्जिनियर्स प्रा.लि. छनौट भई लागत अनुमान भन्दा २.८६ प्रतिशतले घटी रकम रु. १,३३,११,६०३.५० मा (मू.अ.कर समेत) मिति २०८१ चैत्र ३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८० चैत्र ३० गते सम्झौता गरेको पाइयो । यहि कार्यालयबाट अस्वाभाविक र असान्दर्भिक शर्त नराखी स्वच्छ प्रतिष्पर्धा भएका अन्य ठेक्काहरूमा लागत अनुमान भन्दा ३४ प्रतिशतसम्म घटीमा ठेक्का बन्दोबस्त भएको स्थितिमा कार्यालयबाट ठेक्कामा प्रतिष्पर्धालाई सीमित गर्ने गरी प्राबिधिक कारण र औचित्य बेगर समान प्रकृतिका नाममा अमिल्दो शर्त राख्ने तथा कार्य अनुभवको यथार्थता पनि परीक्षण नगरी योग्य ठहर गरेको हुँदा सार्वजनिक खरिद कार्य मितव्ययी, विवेकपूर्ण र जवाफदेहीपूर्ण नदेखिँदा यस सम्बन्धमा स्पष्ठ हुनु पर्ने देखिन्छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका अन्य बेहोरा निम्न छन् ।

६२.१ **पेश्की भुक्तानीको आधारः** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिशपर्धा र पारदर्शिता कायम हुने गरी आह्वान भएको बोलपत्रमा योग्यता पुष्टि भई कानुन अनुसार न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको बोलपत्र दातालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) तथा सम्झौतामा व्यवस्था गरिए अनुसार पेश्की भुक्तानी गरिनु पर्दछ । पालिकाले प्रतिष्पर्धा संकुचित हुने गरी Qualification Criteria राखी एउटा मात्र बोलपत्र सहभागी भई सोही निर्माण व्यवसायी संग सम्झौता गरी रु. ११,००,०००.०० पेश्की भुक्तानी गरेको देखिदा यसरी सार्वजनिक खरिद ऐनको मुल मर्मको रुपमा रहेको प्रतिशपर्धा र पारदर्शिता बेगर खरिद सम्झौता गरी पेश्की भुक्तानी गर्ने आधार पेश गरी यथाशिघ्र पेश्की फर्स्योट हुनु पर्ने रु.

| | |
|---|---|
| पेश्की | ११,००,००० |

६२.२ **कार्य अनुभवको पुष्टयाईः** निर्माण व्यवसायी श्री गौरभ ईन्जिनियरिङ्ग प्रा.लि. ले कार्य अनुभवको हकमा सुर्य विनायक नगरपालिकामा १८ मेट्रिक टन स्टिल प्रयोग गरी ४ वटा पुल बनाएको, सडक डिभिजन सुर्खेतले १४.७४ मेट्रिकटन स्टिल प्रयोग गरी पुल बनाएको र माङ्सेबुङ्ग गाउँपालिकामा ६.१८ मेट्रिकटन स्टिलको प्रयोग गरी पुल बनाएको अनुभव पत्र पेश गरेको छ । स्टिल पुल निर्माण कार्य सम्पन्न गरेको भनी कार्य सम्पन्न प्रतिवेदन पेश गरे तापनि सो पुल मध्ये कुनै एउटा पुल २० मिटर स्पानको Motorable पुल IRC 40R load class को रहेको भनी प्रमाणित गरेको देखिने प्राविधिक तथा वस्तुनिष्ठ आधार देखिदैन । यस जयश्री खोलामा निर्माण गर्न लागिएको २० मिटर स्पानको पुलको लागी मात्र ३४ मेट्रिकटन स्टिल लाग्ने भनी बि.ओ.क्यू. बनाईएको हुदा १८ मेट्रिक टन स्टिल प्रयोग गरी सुर्यविनायक नागरपालिकामा निर्माण गरिएका चारवटा पुल मध्ये कुनै पनि पुल २० मिटर लम्बाईका मोटरेबल पुल नरहेको स्पष्ठ हुन्छ। साथै अन्य कार्यालयबाट पेस गरेको अनुभव पत्रमा समेत ३४ मेट्रिकटन भन्दा एकदमै कम स्टिलको परिमाण मात्र प्रयोग गरेको देखिदा सो कार्यालयमा समेत २० मिटर स्पानको स्टिलको पुल बनाएकोमा बिस्वस्त हुन सकिएन । अर्को तर्फ कम्तिमा २८ मेट्रिकटन स्टिल प्रयोग गरी पुल बनाएको भन्ने आधार मात्र हेर्नेहो भने Motorable पुल बनाएको अनुभव मात्र नभई झोलुङ्गे पुल बनाएको अनुभवले भएको निर्माण व्यवसायी समेत योग्य हुने तर Motorable पुल बनाउने अनुभव अभावका कारण कार्यालयले खोजेको गुणस्तरको पुल निर्माण हुन नसकिने अवस्था रहन्छ । सो बोलपत्र दाताले पेश गरेको अनुभव पत्रलाई मान्यता दिने आधार नदेखिए तापनि कार्यालयले कार्य अनुभवको यथार्थता सुनिश्चित नगरी सो पत्रमा उल्लिखित कार्य अनुभवलाई नै मान्यता दिई बोलपत्रदातालाई योग्य ठहर गरेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार प्रतिवेदन पेश नगरेको र सोही नियमावलीको नियम १२५(९) अनुसार कार्य सम्पन्न प्रमाण पत्र पेश नभएको स्थितिमा कार्यालयले सो कार्यको यथार्थता सुनिश्चित गरेको पाइएन । साथै, अन्य कार्य अनुभवका हकमा पनि ठेक्काको शर्त बमोजिम कार्य गरेको अनुभव सुनिश्चित नै नभएको अवस्थामा श्री गौरभ ईन्जिनियरिङ्ग प्रा.लि. लाई योग्य ठहर गरी ठेक्का सम्झौता गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्य सम्पादन जमानत नियन्त्रणमा लिने लगायतका आवश्यक कारवाही गर्नुका साथै निज निर्माण व्यवसायी लाई रु. १,३३,११,६०३.५० मा पुल निर्माण गर्न योग्य रहेको भनी स्वीकार गर्ने कार्य निमय सम्मत देखिएन।

६३ **भेरिएसन आदेशः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिमको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । ठेक्का नं २०७९/८०-१० (गैडाकोट रिङ्गरोड) को निर्माण कार्यको लागी सो आयोजनाको लागी साहारा ईन्जिनियरिङ्ग कन्सल्टेन्सीले तयार पारेको DPR अनुसार ठेक्का बन्दोबस्त गर्दा ५५९६६.९७ घ.मी. माटो खन्नु पर्ने गरी बि.ओ.क्यू तयार गरिएकोमा भेरिएसन आदेशबाट माटो खन्नु नपर्ने गरी सम्पुर्ण परिमाण शुन्य बनाईएको पाईयो । त्यस्तै चे.नं.३+०२० देखी ३+०६० सम्म ४० मिटर लम्बाईमा ढुङ्गाको वाल लगाउन १७२.९१ घ.मी. परिमाण आवश्यक पर्ने भनिएकोमा हाल कार्य गर्दा चे.नं ०+००० देखी ०+१०० सम्म र पुन नया स्थानमा चे.नं ०+००० देखी ०+३०० सम्म वाल लगाउनु पर्ने र सो को लागी ९४३.३९ घ.मी. आवश्यक पर्ने गरी भेरिएसन गरेको देखियो । निर्माण व्यवसायीले ह्युमपाई कल्भर्ट, ड्रेन, ग्यावियन, Road way Excavation को Alignment वन क्षेत्रमा परेको तथा ढुंगाको मेसोनरी वाल लगाउनको लागी Line Level उपलब्ध नभएको सोको लागी स्थान उपलब्ध गराईदिन अनुरोध गरी मिति २०८०।०२।१४ मा निवेदन दिएको देखियो । यसरी निर्माण स्थलको विस्तृत अध्ययन वेगर पेस भएको DPR प्रतिवेदन स्वीकृत गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| आईटम | सुरु परिमाण | Vo पश्चात परिमाण | घटाईएको परिमाण | दर | रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| Road way Excavation | ५५९६६.९७ | ० | ५५९६६.९७ | ४९ | २७४२३८१.५३ | १००.००% |
| Back filling | १९१.०१ | ३८.३९ | १५२.६२ | ५० | ७६३१ | ७९.९०% |
| Gabion box (4*1.5*1) | ३० | ० | ३० | ६९५५.२ | २०८६५६ | १००.००% |
| Gabion box (2*1*1) | ५० | ० | ५० | ३६४५ | १८२२५० | १००.००% |
| Filling stone in Gabion box | २८० | ० | २८० | ३२८२.९८ | ९१९२३४.४ | १००.००% |
| Geotextile | २६४ | ० | २६४ | ११० | २९०४० | १००.००% |
| Plum concrete 60% and 40% | १६६.४ | ७९.९९ | ८६.४१ | ८००२.१ | ६९१४६१.४६ | ५१.९३% |
| form work | १२६५.६४ | ८०३.८६ | ४६१.७८ | ९२२.५ | ४२५९९२.०५ | ३६.४९% |
| scarifying existing road | ३७२०४.८८ | २१२४० | १५९६४.८८ | २० | ३१९२९७.६ | ४२.९१% |
| Humepipe | ११७ | २६ | ९१ | १२६९२.२१ | ११५४९९१.११ | ७७.७८% |
| **जम्मा** | | | | | **६६८०९३५.१५** | |
| मु.अ. कर | | | | | ८६८५२१.५७ | |
| **कुल जम्मा** | | | | | **७५४९४५६.७२** | |

६४ **१५ शैय्या अस्पताल भवन निर्माणः**

पालिकाको १५ शैया अस्पताल भवन निर्माणको लागी रु १८,५३,२५,४११.१३ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा पेस भएका बोलपत्र मध्ये न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री ड्रयागन कन्सट्रक्सन सँग दुई वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८/०२/१४ मा सम्झौता गरेको छ । सो ठेक्कामा हालसम्म आठ वटा रनिङ्गबिल बाट रु ४,३३,५४,०१७.१२ खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

६४.१ **जोखिमपुर्ण पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेमा तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत लिनु पर्ने व्यवस्था छ । बैंक जमानत प्राप्त गर्दा कार्यालयले सो जमानत विड डकुमेन्टमा उल्लेख भएको फर्मेट अनुसारको रहे नरहेको र सो जमानतमा कुनै शर्त रहे नरहेको निक्यौंल गरेर मात्र लिनु पर्ने हुन्छ । कार्यालयले यस १५ शैय्या अस्पताल भवन निर्माण

कार्यका निर्माण व्यवसायी ड्रयागन कन्सट्रक्सनलाई भुक्तानी भएको पेश्की रु. १,०६,००,०००.०० मध्ये रु. २३,५०,०००.०० फर्स्यौट गरी रु. ८२,५०,०००.०० पेश्की बाँकी रहेको पाईयो । सम्झौता भएको ३ वर्ष ७ महिना समाप्त हुदा समेत ३५ प्रतिशत मात्र प्रगति भएको देखिदा निर्माण व्यवसायीले निर्माण कार्यको लागी माग गरेको पेश्की रकमको प्रयोग सोही भवन निर्माणमा गरेकोमा विस्वस्त हुन सक्ने अवस्था देखिँदैन । निर्माण कार्यमा ढिलाई, पेश्कीको प्रयोग निर्माण कार्यमै गरेकोमा दुविधा तथा म्याद समाप्त हुदा समेत जमानतको म्याद थप गर्ने तर्फ ध्यान समेत दिएको नदखिँदा सो पेश्की रकम जोखिममा रहेको अवस्था छ । यसरी जोखिममा रहेको पेश्की रकम असुल गरी दाखिला हुनु पर्ने रु.

| असुल गर्नुपर्ने | ८२,५०,००० |
|---|---|

६४.२ **अस्पताल भवन निर्माणको बि.ओ.क्यू. मा गुम्बा निर्माणः** शसर्त अनुदान बाट प्राप्त बजेटको प्रयोग सम्बन्धित तोकिएको स्थानमा मात्र गर्नु पर्दछ । तोकिएको स्थान भन्दा फरक हुने गरी र सो तोकिएको स्थानमा प्रयोग भएको बाहेकको रकम शसर्त अनुदानको रकमबाट खर्च लेख्न हुदैन । पालिकाले अस्पताल भवन निर्माणको बि.ओ.क्यू.मा सो भवन सँग असम्बन्धित गुम्बा निर्माणको कार्य गर्ने गरी आईटम राखी सो वापत निम्नानुसार रु. ३२६२८४२.०० भुक्तानी गरेको पाईयो । शसर्त अनुदान बमोजिम तोकएको क्षेत्रमा खर्च नभई बाँकी रकम संघीय संचित कोष फिर्ता गर्नु पर्नेमा अन्य प्रयोजनमा खर्च गरेकोले निम्नानुसारको रकम संघीय सरकारको संचित कोषमा फिर्ता गरेको प्रमाण पेश हुनु पर्ने रु.

| आईटम नं. | कामको विवरण | BOQ परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|
| १४ | Flat brick solling | ९८.५९ | ३००० | २९५७७० |
| ९५ | Earthwork | १९७.६७ | १५० | २९६५१ |
| ९६ | Back filling | ५५४.९२ | १५० | ८३२३८ |
| ९७ | stone solling | ६.५७ | २५०० | १६४२५ |
| ९८ | Brick work 1:4 | ७२.६१ | १२००० | ८७१३२० |
| ९९ | Brick work 1:4 | २६.४२ | १३००० | ३४३४६० |
| १०० | PCC M10 | २१.६५ | ७५०० | १६२३७५ |
| १०१ | PCC M20 | ५७.९९ | १०५०० | ६०८८९५ |
| १०३ | Form work | २९१.०४ | २०० | ५८२०८ |
| १०४ | 50mm screed 1:2:4 | १५१.९७ | ५०० | ७५९८५ |
| १०५ | Cement Plaster | ६३३.१९ | २५० | १५८२९८ |
| १०६ | Two coat paint | १५०.०५ | २०० | ३००१० |
| १०७ | Paint work | ४६०.१३ | २८० | १२८८३६ |
| १०८ | Relocation | १ | २५००० | २५००० |
| जम्मा | | | | २८८७४७० |
| मूल्य अभिबृद्धि कर | | | | ३७५३७१.२ |
| कुल जम्मा | | | | ३२६२८४१.६ |

| प्रमाण पेश नगरेको | ३२,६२,८४२ |
|---|---|

६४.३ **भेरिएसन स्वीकृति बेगर भुक्तानीः** प्रतिकृयाबाट व्यहोरा थप गरिएको ।

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२९,३५६,०९८.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

६४.४ **बीमा बापत भुक्तानीको औचित्यः** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ । वीमा वापत कार्यालयले सम्बन्धित निर्माण व्यवसायीलाई रु. ३,००,०००.०० भुक्तानी गरेको र निर्माण कार्यको म्याद थप गरेको भए पनि वीमाको म्याद थप गरेको देखिएन । म्याद थपको समयमा निर्माण व्यवसायीले ई.सं. २०२४ अप्रिल २९ देखी ई.सं. २०२५ जनवरी ३ सम्म म्याद रहेको वीमा पोलिसीको Specimen copy का आधारमा म्याद थप गरेको पाईयो । कार्यालयले म्याद समाप्त भएको मिति देखी थप भएर आउने दिन सम्मको (वीमा म्याद समाप्त भएको अवधी) अवधीको रकम कट्टि गरी निर्माण कार्यको वीमाको म्याद थप गर्नु पर्दछ । यसरी आयोजनाको म्याद थप गरिसक्दा पनि वीमाको म्याद थप नभएको हुदा वीमा वापत भुक्तानी भएको रकम समेत उपयोग विहिन देखिएको रु.

| अनियमित भएको | ३,००,००० |
|---|---|

६५ **खर्चको उपयोगिताः**

कार्यालयले बास्तविक भएको कामको नाप जाँच गरी नापी किताबमा चढाएको परिमाणको सम्झौता अनुसारको दरमा भुक्तानी गर्नु पर्दछ । यस कार्यालयले मालपुर चौर टोलमा कालोपत्रे गर्ने कार्यको भुक्तानी गर्दा निर्माण उपभोक्ता समितिलाई बेस र सब वेसको क्षेत्रफल १०१३.६० वर्गमिटर रहेकोमा ट्याककोट राख्ने कार्य जम्मा ७७१ व.मी. मा मात्र गरेको पाईयो । बेस र प्राईमकोट राखिसके पछि प्राईमकोट सुकेपछि कालोपत्रे गरिएन भने सो बेस कोर्ष र प्राईमकोटको गुणस्तर घट्ने र काम नलाग्ने अवस्था हुने हुदा सो अवधि भित्र कालोपत्रे गरिनु पर्दछ । यसरी बेस र प्राईमकोट राखि सके पश्चात सो माथी कालोपत्रे नगरिएको खण्डमा सो भागको भुक्तानी दिन योग्य भएको मानिदैन । कार्यालयले २४२.६ वर्गमिटर क्षेत्रफलमा राखेको ०.१ मिटर उचाईको बेस २४.२६ घनमिटर र सो क्षेत्रफलमा राखेको प्राईमकोट २४२.६ लिटर उपयोग बिहिन भएको पाईयो । बेसकोर्षको प्रति घनमिटर रु. २७३२.०५ का दरले २४.२६ घनमिटरले हुने रु. ६६२७९.५३ र प्राईमकोटको प्रति लिटर रु. २२०.९७ का दरले २४२.६० लिटरले हुने रु. ५३६०७.३२ गरी कुल रु. ११९८८६.८५ भुक्तानीको उपयोगिता नदेखिदा सो वापत भएको भुक्तानीको प्राविधिक पुष्ट्याई समेत नियमित हुनु पर्ने रु.

| अनियमित भएको | १,१९,८८७ |
|---|---|

६६ **रित पुर्वकको कर विजकः**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्म सँग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नु पर्ने व्यवस्था छ । तर यस पालिकाले ऐनले तोके अनुसारको रित पुर्वकको कर बिजक नलिई बिद्युतिय कर बिजकलाई हातले लेखि पेश गरेको आधारमा भुक्तानी दिएको पाईयो । बिद्युतिय बिजक जारी गर्ने निर्माण व्यवसायीले विद्युतिय बिजकमा हातले लेख्न सकिने नदेखिएको हुदा ऐनले तोकेको ढाँचाको कर बिजक बेगर मूल्य अभिबृद्धि कर भुक्तानी भएको देखिदा देहाय बमोजिमको भुक्तानीको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु

| गो.भौ.नं. र मिति | भुक्तानी पाउनेको नाम | पान नं. | मू.अ.कर रकम | ७०% मू.अ. कर रकम |
|---|---|---|---|---|
| ७-२०८०/११/०२ | साथीसोसाईटी कन्सट्रक्सन | ६१४८६५३८३ | २४८२२२.५२ | १७३७५५.७६ |
| ८-२०८०/११/२४ | | ६१४८६५३८४ | ३२७९७९.०८ | २२९५८५.३६ |
| १४-२०८१/०१/१७ | | ६१४८६५३८५ | १८६३२७.९३ | १३०४२९.५५ |
| जम्मा | | | | ५३३७७०.६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३३,७७१ |

६७ **जनजाती संग्रहालयः**

पालिकाको वडा नं ३, ४ र ८ को सिमानामा पर्ने गरी वडा नं ८ मा मगर जनजाती संग्रहालय निर्माण गर्ने गरी आर्थिक वर्ष २०७८/७९ बाट निर्माण सुरु गरेको पाईयो । आर्थिक वर्ष २०७७/७८ मा अग्निध्वज कन्सल्टेन्सी प्रा.ली. ले DPR तयार गरी सो DPR अनुसारनै हुने गरी रु. १२ करोड ४२ लाख ८८ हजार (मुल्य बृद्धि र कन्टिन्जेन्सी बाहेक) को लागत अनुमान तयार गरी पेश गरेको पाईयो । यस कार्यालयले सो पश्चात आर्थिक वर्ष २०७८/७९ मा रु ३४ लाख ९० हजार, आर्थिक वर्ष २०७९/८० मा रु. १७ लाख ४८ हजार र आर्थिक वर्ष २०८०/८१ मा रु ४६ लाख ७२ हजार गरी कुल रु. ९९ लाख १० हजार खर्च गरेको पाईयो । निर्माण सुरु गरेको तीन वर्ष बिति सक्दा समेत एक करोड मात्र खर्च गरेको र निर्माण कार्यको भौतिक प्रगति प्लिन्थ लेभल सम्मको बिमको ढलान गरी कोलम पिलरको ढलान सुरु भएको छ । पिलर २ देखी ३ फिट सम्म मात्र ढलान गरिएको र सो भन्दा माथी ढलान नगरी पिलरको डण्डी खुल्ला रुपमा छोडीएको अवस्थामा राखेको पाईयो । यसरी वर्षौ सम्म डण्डी खुल्ला रुपमा छाड्दा सोको गुणस्तरमा कमी आउने र भवनको आधार नै कमजोर हुने अवस्था देखिन्छ । पालिकाले विगत तीन वर्षमा गरेको खर्चको आधारमा बिश्लेषण गर्दा लागत रु. १२ करोड ४२ लाख ८८ हजार (मुल्य बृद्धि र कन्टिन्जेन्सी बाहेक) खर्च गरी भवन सम्पन्न गर्न ३८ वर्ष लाग्ने अवस्था देखिन्छ । यसरी ठुलो संरचनाको निर्माण गर्दा सो संरचनाको गुणस्तर र टिकाउपना समेत ध्यानमा राखी लामो अवधी सम्म निर्मित संरचना रुग्ण नहुने गरी निर्माण सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६८ **बढी भुक्तानीः**

कार्यालयले बास्तविक भएको कामको नाप जाँच गरी नापी कितावमा चढाएको परिमाणको सम्झौता अनुसारको दरमा भुक्तानी गर्नु पर्दछ । यस कार्यालयले शान्ती मार्ग टिकाराम मार्ग कालोपत्रे गर्ने कार्यको भुक्तानी गर्दा निर्माण उपभोक्ता समितिलाई लोकतान्त्रिक चोकको चेनेज नं ०+०८० देखी ०+०९८ सम्म १८ मिटर लम्बाईको हिसाबले गणना गरी प्राईमकोट राखेको भुक्तानी गर्नु पर्नेमा २० मिटर लम्बाईका हिसाबले भुक्तानी गरेको पाईयो । वास्तविक लम्बाई भन्दा २ मिटर बढी लम्बाईको ५ मिटर चौडाईमा हुने १० लिटर प्राईमकोट राखेको भनी प्रति लिटर २२०.९७ का दरले रु. २२०९.७ बढी भुक्तानी भएको पाईयो । साथै शिव मार्ग अन्तर्गत चेनेज नं ०+१४० देखी ०+१६७ सम्म २७ मिटर लम्बाईमा बेस कोर्ष राखेकोमा सो पश्चात प्राईमकोट, ट्याककोट र प्रिमिक्स गर्ने काम २०

मिटर लम्बाईमा मात्र भएको हुदा ७ मिटर लम्बाईमा बेस गरी भुक्तानी दिन मिल्ने आधार देखिदैन । सो ७ मिटर लम्बाईमा ४ मिटर चौडाई र ०.१० मिटर उचाईमा बेस राख्दा २.८ घ.मी बेस कोर्ष प्रयोग भएको पाईए पनि सो पश्चात कुनै काम भएको देखिएन । प्रयोग बिहिन हुने गरी राखेको २.८ घ.मी बेस कोर्ष प्रति घ.मी. रु. २७३२.०५ का दरले हुने रु. ७६५०.०० समेत बढी भुक्तानी भएको देखियो । यसरी ट्याक कोट वापतको रु. २२०९.७ र वेस कोर्ष वापतको रु. ७६५०.०० समेत कुल रु. ९८६०.०० बढी भुक्तानी भएको देखिदा सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,८६० |

६९ **न्युन प्रगतीः**

निर्माण कार्य गर्दा सम्झौताको शर्त बमोजिम तोकिएको अवधी भित्र सम्पन्न गर्ने गरी कार्य गरिनु पर्दछ । पालिकाको वडा नं. २, ५, १०, १४, १५ र १७ मा कालोपत्रे कार्यको लागी निर्माण व्यवसायी तरुण कन्सट्रक्सनसँग रु. १७१५१४२७.६७ मा सम्झौता गरी मिति २०८१।०७।२९ मा सम्पन्न गर्ने गरी कार्यादेश भएकोमा लेखापरीक्षण अवधी (मिति २०८१।०८।२०) सम्म कुनै प्रगति भएको नदेखिएको तथा म्याद थप समेत भएको पाईएन । निर्माण व्यवसायीले निर्माण कार्य वापत पेश्की समेत भुक्तानी लगेको नदेखिएको तथा निर्माण कार्य वापतको बिल समेत पेश भएको नदेखिदा निर्माण कार्य सम्झौता अनुसार हुन नसकेको देखियो । कार्यालयले निर्माण व्यवसायीलाई सम्झौताको शर्त अनुसार कार्य गराउने तर्फ ध्यान दिई सम्झौता अनुसार सम्बन्धित निर्माण व्यवसायीलाई कारवाही गर्नु पर्ने देखिन्छ ।

७० **अधुरो अवस्थामा कार्य स्वीकारः**

खरिद सम्झौता अनुसारको निर्माण कार्य गर्दा सम्झौताका सर्त बमोजिम सम्पुर्ण निर्माण कार्य सम्पन्न हुने गरी निर्माण गर्ने र सो अनुसार सम्पन्न भएको निर्माण कार्य सम्झौताका शर्त अनुसार भएको भनी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार गर्नु पर्दछ । सम्झौता बमोजिमको निर्माण कार्य अधुरो छोड्ने निर्माण व्यवसायी लाई सार्वजनिक खरिद ऐन, २०६३ र सम्झौताका शर्त बमोजिम कार्य सम्पादन जमानत जफत गरी कारवाही गर्नु पर्दछ । निर्माण कार्य अगाडि बढाउन नसक्ने काबु बाहिरको परिस्थिति बाहेकको पुष्ट्याई बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नसकिने अवस्थामा समेत कार्यालयले १७.८३% प्रतिशत घटी कार्य गरेको ठेक्का समेत स्वीकार गरेको देखिदा सो कार्य नियम सम्मत देखिएन । सिख्रौली देखी चन्द्रनाथ पराजुलीको घर सम्म सडक स्तरोन्नती कार्यको लागी निर्माण उपभोक्ता समिती सँग रु. ३५१८७७६.६७ मा सम्झौता भएकोमा केवल रु. २६१३७५७.३६ को मात्र कार्य गरी रु. ६२७४४४.३१ (१७.८३% घटी) को काम बाँकी राखी अधुरो कार्य गर्ने निर्माण उपभोक्ता समितिलाई कारवाही गर्नु पर्नेमा सो नगरी अधुरो अवस्थामै कार्य स्विकार गर्ने कार्य निमय सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२७,४४४ |

७१ **फरक क्रियाकलापः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ को उपनियम १ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले खर्च गर्दा नगरसभाबाट स्वीकृत बजेट तोकिएको क्रियाकलापमा मात्र खर्च गर्नुपर्नेमा नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसार फरक क्रियाकलापमा रु. ४८५००० खर्च गरेको पाइयो । सभाको निर्णय विपरीत क्रियाकलापमा भएको खर्च सभाबाट अनुमोदन गरी नियमित हुनुपर्ने रु.

| भौचर नं. | स्वीकृत बजेट शिर्षक | खर्च गरेको शिर्षक | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| ७६-२०८१।०३।२० | फूल खेतीको लागि बिउ वितरण | बेर्ना खरिद | ४७७३०० | न.पा. चालु - कृषि |
| ७७-२०८१।०३।२० | फूल खेतीको लागि बिउ वितरण | बिरुवा ढुवानी | ७७०० | न.पा. चालु - कृषि |
| | | **जम्मा** | **४८५०००** | |

| | |
|---|---|
| अनियमित भएको | ४,८५,००० |

७२ **पशुजन्य औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम वार्षिक आवश्यकताको परिमाण विश्लेषण गरी गरी पुल सिस्टमको आधारमा पशुजन्य औषधीको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले पशु विकास शाखाको लागि रु. ४९९८००।०० को पशुजन्य औषधि खरिद गरेकोमा खरिद गर्नु अघि आवश्यकताको विश्लेषण र लागत अनुमान विवरण तयार गरेको पाइएन । पालिकाले यस प्रकारको औषधि खरिद गर्दा उपयोग र मौज्दातको अवस्था यकिन हुने गरी माग तथा आवश्यकताको विश्लेषणका आधारमा लागत अनुमान तयार गरी सोही बमोजिम औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७३ **स्वास्थ्य तथा प्राविधिक परीक्षणः**

पालिकाले अनुदान दिएका मेशिनरी औजारहरुको सम्बन्धमा स्पेशिफिकेशन बमोजिमको प्राविधिक परीक्षण प्रतिवेदन र बिउ राँगो खरिद गर्दा पशु चिकित्सकबाट स्वास्थ्य परीक्षण र बीमा गराउनुपर्नेमा पालिकाले मिति २०८१।०३।०२ मा भौचर नं. २७४ बाट गैँडाकोट नमुना भैंसीपालन समूहलाई 2HP मोटरको च्याफकटर ९ थान र २ वटा बिउ राँगोको लागि रु. ४२००००।०० भुक्तानी गरेकोमा च्याफकटर स्पेशिफिकेशन बमोजिमको भएको प्राविधिक प्रतिवेदन संलग्न छैन भने राँगो खरिदमा दुवै राँगोको स्वास्थ्य परीक्षण प्रतिवेदन नभएको र एउटा राँगोको बीमामा र खरिद गर्ने भरपाईमा धनीको नाम फरक परेको देखिएकोले मेशिनरि खरिदमा प्राविधिक पुष्ट्याईँ र राँगो खरिदमा अनिवार्य रुपमा स्वास्थ्य परीक्षण हुनुपर्दछ।

७४ **सुरक्षित खोर/गोठ तारबार तथा सुधार कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष साझेदारीमा सुरक्षित खोर।गोठ तारबार तथा सुधार कार्यक्रमको लागि रु. १२०००००।०० विनियोजन गरी किसानसँगको साझेदारीमा खोर।गोठ सुधारमा रु ११९००००।०० खर्च गरेको देखिन्छ । यसरी खर्च गरेको मध्ये कामक्ष कृषि तथा पशुपन्छी पालन फर्मसँग बढीमा रु. २५०००।०० भुक्तानी दिने सम्झौता भएकोमा उक्त फर्मलाई मिति २०८१।०३।२२ मा भौ.नं. २२१२ बाट रु. ४८०१७।०० भुक्तानी भएकोले सम्झौता भन्दा बढी रु. २३०१७।०० भुक्तानी भएको देखिन्छ । त्यसैगरी सोही कार्यक्रम अन्तर्गत नमुना बोटे टोल कृषक पशुपन्छी पालन समूहलाई बढीमा रु. ५००००।०० भुक्तानी दिने सम्झौता भएकोमा मिति २०८१।०३।२२ मा भौचर नं. २२१० बाट रु. ७३६१४।०० भुक्तानी भएकोले सम्झौता भन्दा बढी रु. २३६१४।०० भुक्तानी भएको देखिन्छ । यसरी दुईवटा फर्मलाई गरी जम्मा रकम रु. ४६६३१।०० सम्झौता भन्दा बढी भुक्तानी भएको देखिएकोले सम्बन्धित फर्महरुबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | फर्मको नाम | रकम रु. |
|---|---|---|
| १ | कामक्ष कृषि तथा पशुपन्छी पालन | २३०१७ |
| २ | नमुना बोटे टोल कृषक पशुपन्छी पालन समूह | २३६१४ |
| जम्मा रु. | | ४६६३१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,६३१ |

७५ **बिउ वितरणः**

पालिकाले करेसाबारी प्रोत्साहनमा विभिन्न २ फर्मलाई मिति २०८०।११।३० मा भौचर नं. ३३ (न.पा. चालु कृषि) बाट तरकारीको बिउ खरिद बापत निम्नानुसार रु. ३७९१०।०० बराबरको बिउ वितरण गरेको प्रमाण संलग्न भएको नदेखिएकोले सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | बिउको विवरण | खरिद परिमाण | वितरण परिमाण | बाँकी | दर | वितरण नभएको बिउको मूल्यरु. |
|---|---|---|---|---|---|---|
| १ | हाइब्रिड घिरौँला | १९१ | १६३ | २८ | २२० | ६१६० |
| २ | करेला पाटे | २४० | १५७ | ८३ | १५० | १२४५० |
| ३ | करेला NS4-34 | ८२ | - | ८२ | २२० | १८०४० |
| ४ | फर्सी | २८० | २३८ | ४२ | ३० | १२६० |
| | जम्मा रु. | | | | | ३७९१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,९१० |

७६ **दूधमा अनुदानः**

पालिकाबाट वितरित अनुदानमा सम्भावित सबै लाभग्राहीलाई सहभागी हुने अवसर दिई वितरित अनुदान पारदर्शी रुपमा सम्बन्धित किसानसम्म पुगेको सुनिश्चित हुनुपर्दछ । पालिकाले दूधको उत्पादन र बजारीकरणमा अनुदान स्वरुप किसानहरुलाई प्रति लिटर रु. १.८९ वितरण गर्न मिति २०८१।०३।१९ मा भौ.नं. २१०० बाट अमर बचत तथा ऋण सहकारी संस्थालाई रु. ५३०६४।०० र अमरापुरी बहुउद्देश्यीय सहकारी संस्थालाई रु. १५२७२७।०० गरी जम्मा रु. २०४७९१।०० भुक्तानी गरेको छ । अनुदान वितरण गर्नु अघि पालिकाले अनुदान कार्यक्रम सम्बन्धमा सम्भावित सबै दुग्ध उत्पादक किसानहरुलाई समान रुपमा सहभागी हुने अवसर सुनिश्चित हुने गरी सूचना जारी गरेको तथा कार्यविधि बनाएको देखिएन । पालिकाले देहायका कृषि सहकारीलाई दुध उत्पादनमा अनुदान दिएको देखिदा सो अनुदानमा सबै कृषकको पहुँच सुनिश्चित हुने गरी कार्यविधी बनाई अनुदान दिने तर्फ ध्यान दिनु पर्दछ ।

| क्र.सं. | कृषि फर्म तथा सहकारीको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| १ | अमर बचत तथा ऋण सहकारी संस्था लि. | ५३०६४ |
| २ | अमरापुरी बहुउद्देश्यीय सहकारी संस्था लि. | १५२७२७ |
| | जम्मा रु. | २०४७९१ |

७७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको २०८०।८१ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १७,८३,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. १२,७१,८३,५९७.०० अर्थात अनुमानको ७१.३३ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७८ **परामर्श सेवाः**

पालिकाले यस वर्ष विभिन्न आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण, नगर सडक गुरुयोजना, भुउपयोग तथा भुवर्गीकरण सम्बन्धी कार्य लगायतका कार्यमा परामर्श सेवा खरिद गरी निम्नानुसार खर्च गरेको पाइयो ।

| क.सं. | सेवाको विवरण | परामर्शदाता | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नगर सडक गुरुयोजना | नारायणी ट्रेनिङ & ईन्जिनियरिङ | १९२२८०८ | DPR उपयोगमा रहेको ,कार्यान्वयन मा गएको |
| २ | गैंडाकोट क्षेत्रीय रङ्गशाला कभर्ड हलकोIEE | सिभिल वर्क कन्सल्टेन्सी प्रा.लि. | ४९०४२० | बजेट माग गरेको |
| ३ | लोकसेवा आयोग परीक्षा तयारी कक्षा | विद्यागम क्लासेज प्रा.लि. | ९९६६६० | कक्षा सम्पन्न |
| ४ | Control Point Survey | जियोटेक ईन्जिनियरिङ स्पेश प्रा.लि. | १४४३६०३ | जग्गा नापजाच प्रक्रिया शुरू भएको |
| ५ | वडा कार्यालय भवन (२३ र ८) को DPR | ग्रिन सहारा कन्सल्टिङ & कन्सट्रक्शन प्रा.लि. | ११८६५०० | बजेट विनियोजन भएको |
| ६ | नगर आर्थिक सर्वेक्षण | अलन्द इन्टरनेशनल सर्भिस प्रा.लि. | ९६२१९५ | तयार भएको |
| ७ | दिगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धी प्रतिवेदन | नमस्ते कपिलवस्तु सोलुशन | ४९५७३१ | तयार भएको |
| ८ | वडा नं. १५भवनको DPR | ब्राइट ईन्जिनियरिङ कन्सट्रक्शन प्रा.लि. | ३९८८९० | यो वर्ष एकतला ढलान सम्पन्न |
| ९ | नवजागरण ग्राउण्ड वडा नं. क्रिकेट रङ्गशाला निर्माण DPR | गोर्खा बिल्डर्स प्रा.लि. | ४९९६८० | कार्यान्वयन प्रक्रिया शुरू भएको जानकारी गराएको |
| | **जम्मा खर्च रु.** | | **८३९६५१४** | |

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

७८.१ **गैंडाकोट क्षेत्रीय रङ्गशाला कभर्ड हल निर्माणः** कभर्डहल निर्माणको लागि रु. ४९०४२०।०० खर्च गरी IEE प्रतिवेदन तयार भएकोमा यो वर्ष कभर्डहल निर्माणको लागि बजेट विनियोजन भएको पाइएन । जसले गर्दा IEE मा गरेको खर्च उपयोग प्रमाणित हुने गरी आवश्यक ब्यबस्था हुनुपर्दछ। ।

७८.२ **वडा कार्यालय भवन निर्माणः** वडा नं. २, ३ र ८ को कार्यालय भवन निर्माणको लागि DPR तयार गर्न ग्रिन सहारा कन्सल्टिङ एण्ड कन्सट्रक्शन प्रा.लि.सँग सम्झौता मूल्य रु. ११८६५००।०० भुक्तानी गरी प्राप्त प्रतिवेदन अनुसार उक्त ३ वटा वडा कार्यालयहरुको भवन निर्माण गर्न रु. ८२१६६०८३।०० लागत लाग्ने उल्लेख भएकोमा यो वर्ष वडा नं. २ को भवन निर्माणको लागि रु. ४० लाख विनियोजन भई टेण्डर डकुमेण्ट तयारीको प्रकृयामा रहेको पाइयो । DPR तयारी गरिएका ३ वटा वडा कार्यालय भवनमध्ये २ मा लागतको तुलनामा अत्यन्तै न्यून बजेट विनियोजन भएको र अन्य १ मा बजेट नै विनियोजन नभएको पाइयो ।आगामी आ व मा बजेट विनियोजन हुने पालिकाको भनाई रहेको छ।आवस्यक स्रोत परिचालन गरी तयार भएको डी पी आर कार्यान्वयन हुनुपर्दछ।

७९ **उपभोक्ता समितीवाट जटिल प्रकृतिको कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरुको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । अनुभवी र व्यवसायिक ज्ञान भएका निर्माण व्यवसायीबाट गराउनु पर्ने कार्य यसरी उपभोक्ता समितिबाट गराउदा

काममा गुणस्तर नहुने हुदा यस्तो कार्य नियम सम्मत देखिदैन । यसरी देहाय अनुसार जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी भएको रकम नियमित हुनु पर्ने रु.

| क्र.सं. | उपभोक्तासमितिको नाम | कामकोविवरण | मुल्याङ्कनरकम | भुक्तानी |
|---|---|---|---|---|
| १ | जागरण टोलविकास संस्था | कालोपत्रे गर्ने | २०५२११०.०८ | |
| २ | शान्तिमार्गटिकाराम मार्ग सडक उ.स. | कालोपत्रे गर्ने | ५२०४३२७.६४ | |
| ३ | कैलास टोलविकास संस्था | कालोपत्रे गर्ने | २४६४५९१.९६ | |
| ४ | संयुक्तबाटो निर्माण उ.स. | कालोपत्रेगर्ने | २०३३०२४.९४ | १४७०६१४ |
| ५ | मालपुर चौरकालोपत्रे उ.स. | कालोपत्रेगर्ने | | ११६३९८९ |
| ६ | धर्मभक्तडिप बोरिङ्ग उ.स. | बोरिङ्गखन्ने | ८०५०२३.३ | ६७७९७९ |
| ७ | गैडीकुलोसिंचाई उ.स. | बोरिङ्गखन्ने | ५००००० | २५०००० |
| ८ | मुसियारीसिंचाई उ.स. | बोरिङ्गखन्ने | ५००००० | २५०००० |
| ९ | भृकुटी डिपबोरिङ्ग उ.स. | बोरिङ्गखन्ने | २४९९९७ | २४९९९७ |
| १० | किसान समुह | बोरिङ्गखन्ने | २४९९९७ | २४९९९७ |
| **जम्मा** | | | **१४०५९०७१.९२** | **४३१२५७६** |

| | |
|---|---|
| अनियमित भएको | ४३,१२,५७६ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **भेरिएसन स्वीकृति बेगर भुक्तानीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको अवस्था सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ठ कारण खुलाई भेरिएसन आदेश स्वीकृत गरेर कार्य अगाडी बढाउनु पर्ने व्यवस्था छ । कार्यालयले यस योजनामा देहायका आईटममा सम्झौताको परिमाण भन्दा बढि हुने गरि भुक्तानी गरेको छ । पालिकाले भेरिएसन बेगर सम्झौता परिमाण भन्दा बढी हुने गरी भुक्तानी गरेको देहाय अनुसारको रु ३४,५८,१३४.१० नियम सम्मत नदेखिएको रु. | 3458134.10 |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| आईटम नं. | कामको विवरण | BOQ परिमाण | भुक्तानी परिमाण | बढि परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| ८ | Site clearance | २१५९.४ | २५५० | ३९०.६ | ५ | १९५३ |
| ९ | Earthwork | १०४९.७१ | ३२४० | २१९०.२९ | १०० | २१९०२९ |
| १० | Back filling | ३४९.९ | २७४५.७६ | २३९५.८६ | १५० | ३५९३७९ |
| ४३ | Clearing and uprooting | १४८.८२ | १६७.७६ | १८.९४ | ८ | १५२ |
| ४४ | Earthwork | ८२.७ | २६६.१ | १८३.४ | १५० | २७५१० |
| ४५ | Back filling | ७३.९१ | २५०.६ | १७६.६९ | १५० | २६५०४ |
| ७९ | Earthwork | १४५.३५ | ४२८.८५ | २८३.५ | १५० | ४२५२५ |
| ८० | Back filling | ४३.६ | १४२.९५ | ९९.३५ | १५० | १४९०३ |
| ९१ | Dismelting of Brick Masnory | ९.०६ | ५८.९७ | ४९.९१ | २०० | ९९८२ |
| ९२ | Dismelting of RCC work | २.७ | १९.२७ | १६.५७ | ५०० | ८२८५ |
| ९३ | Dismelting of Brick Masnory | २१.४५ | १७२.५ | १५१.०५ | २०० | ३०२१० |
| ९४ | Site clearance and collection of debris | ८६.३९ | ९७५.३६ | ८८८.९७ | १० | ८८९० |
| ९५ | EW in Boulder Mixed soil | १३.५४ | १९७.६७ | १८४.१३ | १५० | २७६२० |
| ९६ | EW in Bacnk Filling with excavatied soil | १.४८ | ५५४.९२ | ५५३.४४ | १५० | ८३०१६ |
| ९७ | Stone Solling | ५.२२ | ६.५७ | १.३५ | २५०० | ३३७५ |
| ९८ | 1st class local chimny Brick work | ३.६ | ७२.६१ | ६९.०१ | १२००० | ८२८१२० |
| ९९ | Brick work above gound level | २.९१ | २६.४३ | २३.५२ | १३००० | ३०५७६० |
| १०० | PCC M10 | ५.२८ | २१.६५ | १६.३७ | ७५०० | १२२७७५ |
| १०१ | PCC M20 for RCC | २.९७ | ५७.९९ | ५५.०२ | १०५०० | ५७७७१० |
| १०३ | Form Work | १२.९८ | २९१.०४ | २७८.०६ | २०० | ५५६१२ |
| १०४ | 50mm Screed 1:2:4 | २९.२३ | १५१.९७ | १२२.७४ | ५०० | ६१३७० |
| १०५ | 12.5mm Plaster 1:3 on ceiling | १४५.३२ | ६३३.१९ | ४८७.८७ | २५० | १२१९६८ |
| १०६ | Coloring First Coat Primer | ६८.६७ | १५०.०५ | ८१.३८ | २०० | १६२७६ |
| १०७ | color over Primer | ७६.६५ | ४६०.१३ | ३८३.४८ | २८० | १०७३७४ |
| जम्मा | | | | | | ३०६०२९६ |
| मुल्य अभिबृद्धि कर | | | | | | ३९७८३८.४ |
| कुल जम्मा | | | | | | ३४५८१३४.१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गैंडाकोट नगरपालिका, नवलपुर , गैडाकोट नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मुक्ति राम रिजाल | २०७८-१२-७ | २०८०-५-५ |
| कार्यालय प्रमुख | झविन्द्र खनाल | २०८०-५-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु प्रसाद भुसाल | २०७७-४-१ | २०८१-५-६ |
| लेखा प्रमुख | मदन गौतम | २०८१-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,५७८,२३१ | ६९,९०३,४८७.२ | ६,१८५,९२८ | ० | ० | १,१००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८५,७६७,६४६.२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २९,५१६,४७८.२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ३,४५८,१३४.१ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५९,७०९,३०२.१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १२६२३०३५० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९५११०३३१२ | चालु खर्च | ६१०८६४५४४ |
| प्रदेश सरकारबाट अनुदान | २६५२७५०० | पूँजीगत खर्च | ३१२१६२०७७ |
| राजश्व बाँडफाँट | १४२७६३७३९ | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | १२७१८३५९७ | | |
| अन्य आय | ११९६०२९८५ | | |
| कुल आय | ९१११८११३३ | कुल खर्च | ९२३०२६६२१.० |
| बाँकी मौज्दात | | ११४३८४८६२ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।